# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सर्वश्रेष्ठ साधन हो । भाषा ध्वन्यात्मक वाक् प्रतीकको समूह भएकाले यसको आधारभूत सम्बन्ध उच्चारण अवयव र मौखिक रूपसँग रहेको हुन्छ । भाषा मानवको विचार विनिमय र सामाजिक व्यवहार गर्नका लागि महत्त्वपूर्ण विषय हो । मानिसको उमेर तथा सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले मानवीय व्यवहार तथा सामाजिक सम्पर्कको अभिन्न अङ्ग बनेको छ । मानवीय भावलाई व्यक्त गर्नका लागि लिखित र मौखिक दुवै माध्यमको भाषा प्रयोग गरिन्छ ।

मानिस जन्मेपछि हुर्कदै बढ्दै जाने क्रममा भाषाका विभिन्न सिपहरू हासिल गर्ने गर्दछ । भाषाका चारवटै सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) एक अर्कासँग सम्बन्धित भएर रहेका हुन्छन् । यी विभिन्न सिपहरूमध्ये सम्प्रेषणका लागि बोलाइ र सुनाइबाट सर्वप्रथम काम चलाइन्छ र त्यसपछि मात्र पढाइ र लेखाइबाट काम चलाइन्छ । अहिले भाषा मौखिकबाट क्रमशः लिखिततिर विकास भएको देखिन्छ । बोलेर मात्र विचार विनिमय गर्न नसकिने अवस्थामा लेखेर विचार आदानप्रदान गर्नुपर्ने हुन्छ । त्यसैले मौखिक रूपमा विचारहरू आदानप्रदान गर्न सङ्गठित लेखाइ सिप आवश्यक पर्दछ । मानिसले आफूले आर्जन गरेको जान सिप धारणा अरु समक्ष प्रस्तुत गर्न, साक्षी राख्न, व्यावहारिक कार्य सम्पन्न गर्न सिर्जनात्मक क्षमताको विकास गर्न लेखाइ सिपको आवश्यकता पर्दछ ।

लेखाइ सिप विकास गराउने एउटा माध्यम दैनिकी लेखन पनि हो । दैनिकी लेखन रूपक विधा अन्तर्गतको गद्य लेख्य, उपविधा हो । विभिन्न समयमा घटेका घटना, गरेका कार्य देखे सुनेका कुरा, ज्ञान गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरूको तिथिमिति र स्थान समेत उल्लेख गरी प्रायजसो गरिने वैयक्तिक टिपोटलाई नै दैनिकी लेखन भनिन्छ । दैनिकीमा व्यक्ति विशेषका निजी कुरा भावनाशैली र सिर्जनाहरू प्रतिबिम्बित हुन्छन् । त्यसैले यो नितान्त वैयक्तिक रचना हो । सुरुमा यो अभ्यासिक किसिमको भएपनि अन्ततः आफ्नै ढङ्ग र ढाँचाको स्वतन्त्र रचनाका रूपमा यसको पहिचान हुन्छ । दैनिकीमा

प्रयोग गरिने कुराहरू भविष्यका लागि स्मरण योग्य हुन्छन् । दैनिकीमा व्यक्तिका जीवनका महत्त्वपूर्ण घटनाहरूको अभिलेखबाट उसको जीवनीसम्बन्धी अध्ययनको लागि सहयोगी हुन्छ । कुनै पनि व्यक्तिले जीवनमा प्राप्त गरेका अनुभव उसको जीवन भोगाइ, जीवनमा आएका उतारचढाव र जीवनका आरोह-अवरोहलाई थाहा पाउनका लागि दैनिकीको निकै महत्त्व रहेको छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकाले यसका माध्यमबाट एकातिर विद्यार्थीको लेखन सिपको विकास हुन्छ भने अर्कातिर दैनिकी अध्ययनबाट सम्बन्धित व्यक्तिको जीवनीलाई बुझ्न सहयोग गर्दछ । विद्यार्थीको स्मरण शक्ति र स्वतन्त्र वा मौलिक ढङ्गको शैली विकास गरी सिर्जनात्मक क्षमता विकास गर्न दैनिकीले मद्दत गर्दछ । विद्यार्थीलाई जागरिलो र नियमित बनाई रोचक शैली र सिलसिलाको निर्माण गरी लेख्ने कलाको विकास गर्नु नै यसको मूल ध्येय हो ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको साधन हो । भाषाको प्रयोग क्षेत्र समाज हो, जब बालकको जन्म हुन्छ । त्यस बेलादेखि नै उसले भाषाका माध्यमबाट सामाजिक जीवन व्यतित गर्न थाल्दछ । भाषा सिकाइका मुख्यतः चारवटा सिप हुन्छन् ती हुन् सुनाइ, बोलाइ, पढाइ र लेखाइ । सुनाइ र पढाइ आदानात्मक भाषिक सिपहरू हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक भाषिक सिप हुन् । भाषा सिकाइका क्रममा चारवटै सिपहरू एक आपसमा अन्तरसम्बन्धित रहेका हुनाले विद्यालयको तल्लो तह देखिनै यस्ता सिपको विकास गर्दै लैजानु पर्दछ । लेखाइ सिप भाषाका अन्य सिपको तुलनामा परिष्कृत, स्तरीय, आधिकारिक र परिपक्व सिप मानिन्छ । तसर्थ लेखाइ सिपको विकास गर्न प्रसस्त कार्यकलाप गर्न र अभ्यास गर्नु आवश्यक हुन्छ । एक आपसमा सन्देश प्रवाह गर्न होस् या आफ्ना अभिव्यक्तिलाई चिरस्थायी राख्नका लागि लेखाइ सिपको महत्त्वपूर्ण भूमिका रहन्छ ।

कुनै पनि अध्ययन गर्नका लागि त्यसमा निहित समस्यालाई महत्त्वपूर्ण मानिन्छ । जब समस्या हुन्छ तब मात्र त्यो समस्या समााधानका लागि अध्ययन प्रक्रिया सुरु हुन्छ । त्यसैले कुनै खास विषयमा देखिएका समस्या खोजी गर्ने र तिनको समाधान गर्ने कार्य शोधसँग सम्बन्धित हुने भएकाले समस्या कथनलाई अनुसन्धान कार्यको अपरिहार्य तत्त्वका रूपमा लिइन्छ । दैनिकी पनि लेख्यविधासँग सम्बन्धित विधा हो । लेखाइ सिपको विकास गराउनको लागि माध्यमिक तहमा यो विधा राखिएको छ ।

काठमाडौँ जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन शीर्षकमा रहेको शोधकार्यसँग सम्बन्धित समस्यालाई प्रश्नार्थक रूपमा तल प्रस्तुत गरिएको छ :

(क) काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको दैनिकी लेखन क्षमता कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमता समान छ ?

(ग) लैङ्गिक आधारमा विद्यार्थीको दैनिककी लेखन क्षमता तुलनात्मक स्थिति के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै उद्देश्यको आवश्यकता पर्दछ । प्रस्तुत शोधपत्रका पनि निम्न लिखित उद्देश्य रहेका छन् :

(क) समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पत्ता लगाउनु,

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको विश्लेषण गर्नु,

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान आफैमा महत्त्वपूर्ण र चुनौतीपूर्ण हुन्छ । सन्दर्भ र औचित्य विनाको कार्यले अध्ययन अनुसन्धान कार्यलाई गन्तव्यमा पुऱ्याउन सक्दैन । भाषिक सिपहरूको शिक्षण नै भाषा शिक्षण भएकाले यससँग सम्बन्धित अनुसन्धान पनि अति सान्दर्भिक हुन्छ ।

दैनिकी लेखन पनि लेखाइ सिपको विकासको एक महत्त्वपूर्ण पक्ष हो । माध्यमिक तहको पाठ्यक्रमले दैनिकी लेखन विधालाई पनि समावेश गरेको छ । भाषिक सिपको विकासमा पनि दैनिकी लेखनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीको लेखन क्षमतामा आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमको उद्देश्य के कति पुरा हुन सके त्यसका लागि लेखन क्षमताको अध्ययन आवश्यक देखिन्छ ।

भाषा पाठ्यक्रमविद्लाई पाठ्यक्रममा सुधार एवम् परिमार्जन गर्न, पाठ्यपुस्तकमा प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्नु, शिक्षकलाई विद्यार्थीको स्तर सापेक्ष स्तरीय रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई अगाडि बढाउन र समग्रमा विद्यार्थीको लेखन क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यमूलक बनाउन लेखन क्षमताको अध्ययनबाट सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्त्व रहेको छ ।

दैनिकी लेखन प्रक्रिया लेखाइ सिपको विकासका लागि महत्त्वपूर्ण कार्यकलापको रूपमा रहेको छ । दैनिकी लेखन क्षमताको अध्ययनबाट लेखाइ सिपको स्तरीकरण गर्न, लेखन क्षमताको विकास गर्न, विद्यार्थीले दैनिकी लेख्दा गर्ने त्रुटिको पहिचान गर्न व्यक्तिको दैनिक जीवनका महत्त्वपूर्ण घटनाहरूको अभिलेखबाट कुनै पनि व्यक्तिको जीवनीसम्बन्धी अध्ययनका लागि उतार चढाव, जीवनका आरोह अवरोह थाहा पाउनका लागि दैनिकीको निकै महत्त्व रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानका क्रममा क्षेत्र परिवेश आदिको आवश्यकता पर्दछ । कुनै पनि अध्ययनको क्षेत्र विस्तृत र व्यापक हुने गर्दछ । फेरि अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । यसो नगरिएमा अध्ययन अनुसन्धानको मात्रा बिचलित हुन सक्छ । त्यसैले अनुसन्धानको मार्ग विचलित नहोस् भन्नका लागि उक्त अध्ययनको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । यो अनुसन्धानमा पनि सीमा निर्धारण गरिएका छन् ती निम्नलिखित छन् :

(क) यो अध्ययन काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकामा मात्र सीमित रहेको छ ।

(ख) यस अनुसन्धानमा कीर्तिपुर नगरपालिकाका ५ वटा सामुदायिक र ५ वटा सरकारी विद्यालयका विद्यार्थीहरूमा मात्र केन्द्रित रहेर परीक्षण गरिएको छ ।

(ग) सामुदायिक र संस्थागत प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(घ) छात्र र छात्राबिचको दैनिकी लेखनको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(ङ) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(च) यो अध्ययन विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयअन्तर्गत पाँगा माध्यमिक विद्यालय, कीर्ति माध्यमिक विद्यालय, मेघस इङ्लिस स्कुल, बाघ भैरव बोर्डिङ हाइस्कुल, क्रिएटिभ एकेडेमी र सामुदायिक विद्यालयअन्तर्गत जनसेवा उ.मा.वि., बालकुमारी मा.वि., आदिनाथ मा.वि., कीर्तिपुर मा.वि. , वैष्णवी मा.वि. मा केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको संरचनालाई सुसङ्गठित र व्यवस्थित गर्नका लागि अध्ययनको रूपरेखा आवश्यक पर्दछ । प्रस्तुत अध्ययनपत्रलाई निम्नलिखित अध्यायमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तिन : अध्ययनविधि र प्रक्रिया

अध्याय चार : काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता

अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमता

अध्याय छ : लैङ्गिक आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमता

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई
# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि विषयमा अनुसन्धान गर्नु पूर्व त्यस विषयसँग भएगरेका अनुसन्धानात्मक कार्यहरूको समीक्षा गर्नु नै पूर्व कार्यको समीक्षा हो । ती पूर्व अनुसन्धानात्मक सामग्रीको अध्ययनबाट नयाँ कुराको खोजी गर्न शोधको नियम सीमा निर्माण गर्न, उद्देश्य, विधि तथा समस्याको पहिचान गर्न समेत सहयोग पुऱ्याउँछ । विगतका अनुभवले नै वर्तमानमा अगाडि बढ्ने प्रेरणा दिने गर्दछ । वर्तमानले विगतलाई गतिशील बनाउने हुँदा आफूले गरेका अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन पूर्व शोधकार्यहरूले भाषिक शोध अनुसन्धानको विषयमार्फत विद्यार्थी पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई के कस्ता उपलब्धि प्रदान गर्न सक्दछन् भन्ने सन्दर्भमा ती शोधहरूको समीक्षा हुन आवश्यक छ । शोधपत्रको अध्ययनबाट आफूलाई पनि नयाँ अनुसन्धानको विषय छनोट गर्न तथा आफूले गर्न आटेका कार्यलाई पनि सहज र उद्देश्यमूलक ढङ्गबाट अघि बढाउन सहयोग मिल्दछ ।

प्रस्तुत अध्ययन काठमाडौँ जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित रहेको छ । यो शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानको अध्ययनलाई हेर्दा अझसम्म उक्त अनुसन्धान भएको देखिदैन तर केही लेखाइ सिपसँग सम्बन्धित शीर्षकमा अनुसन्धान, चिठी लेखन, अनुच्छेद लेखन, निवेदन लेखन, वादविवाद लेखन, सारांश लेखन, निमन्त्रणा लेखन, निबन्ध लेखन जस्ता केन्द्रित रहेको छ । साथै विभिन्न विद्वान्द्वारा तयार पारिएका पाठ्यसामग्री तथा पूर्व अनुसन्धानात्मक केही निष्कर्षलाई आधार मानी तयार पारिएको छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित पुस्तक तथा लेख रचना र लेखन सिपसँग सम्बन्धित शोधकार्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

शर्मा र पौड्याल (२०६७) द्वारा *'नेपाली भाषा शिक्षण र साहित्य शिक्षण'* नामक पुस्तकमा दैनिकीको परिचय, महत्त्व र शिक्षण तरिकाका बारेमा चर्चा गरिएको पाइन्छ । यसमा दैनिकी लेखनले विद्यार्थीको स्मरण शक्ति बढाउने तथा सिर्जनात्मक लेखनको विकासमा

महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा प्रत्येक विद्यार्थीको कक्षा क्रमाङ्कअनुसार पालो बाधेर हरेक दिन कक्षा सुरु गर्दा दुई तिन मिनेट जति एउटाको दैनिकी सुन्ने नियमित व्यवस्था मिलाउनाले कार्यकलाप अझ प्रेरणामूलक र फाइदाजनक हुने कुरा उल्लेख गरिएको छ । यो पुस्तकको अध्ययनले शोधार्थीलाई शोधकार्य सम्पन्न गर्न सैद्धान्तिक आधार प्रदान गरेको छ ।

शर्मा र पौड्याल (२०६८) द्वारा *'नेपाली भाषा शिक्षण'* नामक पुस्तकमा दैनिकी लेखनको परिचय, प्रयोजन र शिक्षण प्रक्रियाका बारेमा चर्चा गरिएको पाइन्छ । जसमा दैनिकी लेखनको प्रयोजनमा केही न केही कुरा तिथिमिति सहिद लेख्ने आदतको विकास गर्नु, मौलिक र सिर्जनात्मक लेख्य क्षमताको विकास गर्नु, उच्च स्मरण क्षमता, भाषिक शुद्धता, शैली सौन्दर्य लेखन सौन्दर्य र आकर्षण प्रवर्द्धनमा मद्दत पुऱ्याई लेख्य सिपमा आत्मनिर्भर बन्न प्रेरित गर्नु आदि रहेका छन् । शिक्षण प्रक्रियामा दैनिकी लेखनको सामग्री वा सन्दर्भ सामग्रीको प्रर्याप्त उपयोग गरेर त्यसको स्वरूप र ढङ्ग ढाँचाको परिचय दिने, विद्यार्थीको दैनिककी लेखनसम्बन्धी उपयुक्त विषयवस्तु र शीर्षक दिएर कक्षामा नै अभ्यास गराउन लगाउनु पर्ने, प्रत्येक दिन सुत्नुभन्दा अगाडि दिनभरीमा सुनेका, देखेका, थाहा पाएका र पढेका विषयमा केही न केही लेख्न निर्देशन दिनुपर्छ भन्ने बारेमा उल्लेख गरिएको पाइन्छ । उक्त पुस्तकमा कक्षा नतोकिए पनि यिनै विधि तथा प्रक्रियालाई आधार मानी दैनिक लेखन गराइने भएकाले प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि यसले सहयोग पुऱ्याइएको छ ।

पौडेल (२०६९) *'नेपाली भाषाशिक्षण'* नामक पुस्तक विशेष गरी माध्यमिक तहमा विभिन्न सिप तथा विधाहरूको क्षिण कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेको देखिन्छ । उक्त पुस्तकको एकाइ सत्ताइसमा दैनिकी शिक्षण रहेको छ । जसअन्तर्गत दैनिकी शिक्षणको प्रयोजन र दैनिकी शिक्षणका कार्यकलाप रहेको पाइन्छ । तसर्थ यो पुस्तक दैनिकी लेखनमा उपयोगी देखिन्छ । यस पुस्तकको अध्ययनले शोधकार्यलाई सम्पन्न गर्नका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

पौड्याल (२०७०) द्वारा *'नेपाली भाषा शिक्षण'* नामक पुस्तकमा दैनिकीको परिचय, दैनिकी विधा पाठ्यपुस्तक राख्नुको मूल प्रयोजन लेख्य भए पनि यसलाई सुनाइ, बोलाइ, पढाइ जस्ता भाषिक सिप समझको समेत विकास गर्न उपयोगी बनाउन सकिने भनिएको छ । भाषा शिक्षणका क्रममा दैनिकीलाई पाठ्य विषय बनाएर त्यसको संरचना लेख्य र

व्याकरणात्मक ज्ञान तथा प्रयोजन गर्ने कौशलको विकासमा समेत उपयोगी बनाउन सकियोस् भन्ने हिसावले शिक्षण प्रक्रिया र उपयोगका तरिकाका बारेमा प्रस्तुत गरिएको पाइन्छ । तसर्थ यस अध्ययनले शोधार्थीलाई सैद्धान्तिक आधार प्रदान गर्नुका साथै उद्देश्य छनोटका लागि पनि सहयोग पुऱ्याएको छ ।

## २.१.२ शोधपत्र पुनरावलोकन

श्रेष्ठ (२०६५) द्वारा 'धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनको उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको बिच तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु, वादविवाद लेखन क्षमतामा विद्यार्थीहरूमा देखिएका कमीकमजोरी हटाउन केही सुझावहरू दिनु रहेका छन् । प्रत्यक्ष क्षेत्रीय अध्ययन विधि प्रयोग गरेर प्राथमिक स्रोतका रूपमा ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका जम्मा ६० जना विद्यार्थीहरू रहेका छन् । द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तकहरू, पत्रपत्रिका एवम् शोधपत्रको अध्ययन रहेको छ । अनुसन्धानकर्ताको व्यक्तिगत निर्णयबाट धादिङ जिल्ला ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालय छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट यादृच्छिक नमुना छनोटबाट १०/१० जना जम्मा ६० जना रहेका छन् । सामग्री निर्माण गरी तथ्याङ्क व्याख्या विश्लेषण गर्दा मध्यमान, मानक विचलन र प्रतिशताङ्क, श्रेणी निर्धारण गरी तथ्याङ्क निष्कर्षमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च स्तरको नरहेको देखिन्छ । सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको देखिन्छ । लैङ्गिकताका आधारमा छात्रा तथा छात्रहरूको तुलना गर्दा सरकारी विद्यालयका छात्राहरूको तुलनामा निजी विद्यालयका छात्रहरूको स्थिति कमजोर रहेको निष्कर्ष निकालिएको छ । वादविवादात्मक अभिव्यक्ति लेखन क्षमता कमजोर हटाउन १६ वटा सुझाव प्रस्तुत गरिएको पाइन्छ । माथि उल्लेखित पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधपत्रलाई निश्चित मार्गदर्शन गर्नको लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

पाण्डेय (२०६६) द्वारा 'उच्च मा.वि. (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्र

उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, स्थानीयताका आधारमा ग्रामीण र शहरी परिवेशका उच्च मा.वि. (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यार्थीहरूको निबन्धन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यार्थीहरूमा निबन्ध लेखनमा देखिएका कमीकमजोरी पत्ता लगाई निराकरणका लागि आवश्यक सझाव सल्लाह दिने उद्देश्यमा केन्द्रित रहेको देखियो । उक्त शोधकार्यमा विद्यार्थीलाई केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको पाइन्छ । उक्त अध्ययनका लागि रूपन्देही जिल्लाका आठवटा उच्च मा.वि. बाट १०/१० जना प्रतिनिधि विद्यार्थीका दरले जम्मा ८० जना विद्यार्थीलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा चयन गरिएको पाइएको छ । उक्त शोधकार्य सङ्कलन विधि र पुस्तकालय विधिमा आधारित रहेको देखिन्छ । उक्त शोधपत्रमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई हेर्दा सामान्य रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका दृष्टिले हेर्दा नेपाली मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमता सामान्य र नेपाली विमातृभाषी विद्यार्थीको उच्च रहेको देखाइएको छ । विद्यार्थीहरूको लैङ्गिकताका दृष्टिले हेर्दा समग्र छात्रहरूको निबन्ध लेखन क्षमता कमजोर पाइन्छ र समग्र छात्राहरूको निबन्ध लेखन क्षमता उच्च रहेको पाइयो । त्यसै गरी स्थानीयताको आधारमा शहरी परिवेशका उच्च मा.वि. मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता गाम्रीण परिवेशका विद्यार्थीको तुलनामा उच्च रहेको देखिन्छ । त्यसैले यस अध्ययनले अध्येतालाई सामग्री सङ्कलनको लागि शीर्षक चयनमा सहयोग पुऱ्याएको छ ।

गौतम (२०६७) द्वारा 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोध भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा ११ पास गरी कक्षा १२ मा अध्ययनरत अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, सारांश लेखन सम्बन्धी कमीकमजोरीलाई निराकरण गर्न आवश्यक सुझाव दिनु, कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु रहेका छन् । काठमाडौं जिल्लाको २

वटा अङ्ग्रेजी माध्यमबाट र २ वटा नेपाली माध्यमबाट पढाइ हुने कक्षा १२ का ११/१५ जना छात्र र छात्रा विद्यार्थीहरू रहेका छन् । प्रतिनिधि नमुना छनोट गरी, सामग्री निर्माण गरी व्याख्या विश्लेषण गरिएको पाइन्छ । निष्कर्षमा नेपाली माध्यमबाट पढाई हुने कक्षा १२ मा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन गर्दा शीर्षक चयन, क्रमवद्धता र मौलकता राम्रै रहे तापनि भाषिक शुद्धता र मूलभाव सामान्य रहेको छ भने अङ्ग्रेजी माध्यमबाट पढाइ हुने कक्षा १२ मा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन गर्दा शीर्षक चयन, भाषिक शुद्धता र क्रमबद्धता मध्यम स्तरको रहे तापनि मौलिकता र मूलभावका दृष्टिले निम्न रहेको पाइन्छ । तुलनात्मक अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उच्च माध्यमिक विद्यालयका कक्षा १२ मा अध्ययनरत विद्यार्थीभन्दा नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक विद्यालयका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको छ । लैङ्गिकताका दृष्टिले छात्राहरूको सारांश लेखन क्षमताभन्दा छात्रहरूको सारांश लेखन राम्रो रहेको छ । यस अध्ययनले अध्येतालाई साहित्यको पुनरावलोकन गर्न सहयोग पुऱ्याएको छ ।

कार्की (२०७१) द्वारा 'सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनुका साथै भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तयार गरिएको शोधपत्रमा प्राथमिक स्रोततर्फ सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई लिइएको छ । द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तक र पत्रपत्रिका र शोधपत्रको अध्ययन गरिएको देखिन्छ । यस अध्ययनले वादविवाद लेखनमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययनरत विदयार्थीको तुलनामा कमजोर रहेको छात्र र छात्राको तुलना गर्दा सामुदायिक विद्यालयको छात्राको तुलनामा संस्थागत विद्यालयका छात्राहरू कमजोर र सामुदायिक विद्यालयका छात्रको तुलनामा संस्थागत विद्यालयका छात्रहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले

शोधार्थीलाई दैनिकी लेखन गराउँदा अपनाइने विधि तथा प्रक्रियाहरूको अध्ययनका लागि आधार प्रदान गरेको छ ।

चन्द (२०७१) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको पाइयो । उक्त शोधपत्रको उद्देश्य कक्षा नौमा अध्ययनरत गरिरहेका विद्यार्थीहरूका लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको बिचमा तुलना गर्नु, समावेशीता (मदेसी, दलित, जनजाति महिला र पिछडिएका क्षेत्र) का आधारमा वादविवाद लेखन क्षमताको तुलना गर्नु, वादविवाद लेखन क्षमता विद्यार्थीहरूमा देखिएका कमीकमजोरी हटाउन केही सुझावहरू पाइन्छ । नमुना सर्वेक्षण विधिबाट काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकामा ५ वटा सामुदायिक र ५ वटा निजी विद्यालयका कक्षा नौमा प्रत्येक विद्यालयबाट ८/८ जना गरी जम्मा ८० जना विद्यार्थीलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको छ । सामग्री सङ्कलनका निम्ति "छोरीलाई अंश दिनुकी शिक्षा" शीर्षकमा वादविवाद लेख्न लगाइएको छ । तथ्याङ्कको व्याख्या विश्लेषणका क्रममा वस्तुगत अध्ययनका लागि समुहगत मध्यमान, मानक विचलन प्रतिशताङ्क श्रेणी निर्धारण गरी विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको पहिचान गरिएको छ । निष्कर्षमा कक्षा नौमा अध्ययनरत विद्यार्थीको समग्र निबन्ध लेखन क्षमता कमजोर रहेको उल्लेख गरिएको छ । सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता मध्यम रहेको पाइयो । उक्त स्थितिलाई सुधार ल्याउनका लागि १४ वटा सुझाव पनि दिइएको पाइयो । यस अध्ययनले अध्येतालाई उद्देश्य छनोट गरी सामग्री सङ्कलन गर्न सहयोग गरेको छ ।

श्रेष्ठ (२०७१) द्वारा 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, उक्त शोधपत्रको उद्देश्यमा समेटिएको देखिन्छ । यस शोधपत्रमा विद्यार्थीलाई केन्द्रबिन्दुमा राखी नमुना सर्वेक्षण विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । चारवटा सामुदायिक विद्यालयका ४० जना र चारवटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरूलाई नमुनाको

रूपमा लिइएको छ । समग्रमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताभन्दा कमजोर देखिन्छ । लैङ्गिक आधारमा छात्रहरूको निवेदन लेखन क्षमता सामान्य र छात्राहरूको निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको देखिन्छ । त्यसैले यस अध्ययनले शोधार्थीलाई उचित खालको उद्देश्य छनोट गर्न सहयोग गरेको छ ।

भण्डारी (२०७१) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको विश्लेषण गर्नु, कक्षा आठमा अध्ययनरत संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, उक्त कक्षामा अध्ययनरत नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु र उक्त कक्षामा लैङ्गिक आधारमा छात्र र छात्राका निबन्ध लेखन क्षमताका तुलनात्मक अध्ययन गर्नु उद्देश्य रहेको पाइन्छ । उक्त अध्ययनका लागि प्राथमिक र गौण स्रोतका सामग्रीको अध्ययन गरिएको देखिन्छ । निबन्ध लेखनलाई सामग्रीको रूपमा लिई अध्ययन गरिएको उक्त शोधकार्यमा प्राथमिक स्रोतका रूपमा छनोट गरिएका विद्यार्थीहरूलाई दुई शीर्षकमा निबन्ध लेख्न लगाइएको पाइन्छ । उक्त शोधपत्रमा गोरखा नगरपालिका र उक्त आसपासका गाविसका सामुदायिक र संस्थागत विद्यालयबाट ४०/४० जना विद्यार्थी गरी ८० जना विद्यार्थीलाई नमुना प्रतिनिधिका रूपमा लिइएको छ । उक्त शोधपत्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीलाई निबन्ध लेखन क्षमता बढी रहेको, भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली भाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको र छात्राहरूको तुलनामा छात्राहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याइएको छ ।

अधिकारी (२०७२) द्वारा 'इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको पाइयो । उक्त शोधपत्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिक र भाषिक आधारमा तुलना गर्नु तथा विद्यालयको प्रकृतिका आधारमा चिठी लेखन क्षमता पहिचान गर्नुमा केन्द्रित रहेको

देखिन्छ । इलाम जिल्लाका चार सामुदायिक र चार संस्थागत गरी जम्मा आठवटा विद्यालयबाट १०/१० जना गरी जम्मा ८० जना छात्रछात्रा विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको देखिन्छ । उक्त शोध अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीलाई समावेश गराई विद्यार्थीको चिठीलेखन क्षमताका लागि विषय विशेषज्ञको सहयोगमा प्रश्नपत्र निर्माण गरी विषय शिक्षकको अनुगमन तथा परामर्शमा परीक्षा लिई परिक्षण गरिएको पाइयो । उक्त शोधकार्यलाई सम्पन्न गर्नका लागि प्रत्यक्ष रूपमा विद्यालयमा गई विद्यार्थीलाई प्रश्नावलीमा आधारित भई चिठी लेख्न लगाई सामग्री संकलन गरिएको पाइयो । उक्त सङ्कलित सामग्रीका आधारमा तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको पाइन्छ । उक्त शोधमा समग्रमा विद्यार्थीको चिठी लेखन क्षमता मध्यम, लैङ्गिकताका आधारमा छात्रको तुलनामा छात्राको चिठी लेखन क्षमता उच्च रहेको, नेपाली इतर मातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता बढी रहेको र समुदायिक विद्यालयका विद्यार्थीहरूकोभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले शोधार्थीलाई उचित खालको उद्देश्य छनोट गर्न सहयोग गरेको छ ।

न्यौपाने (२०७२) द्वारा 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्र स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको देखियो । उक्त शोधकार्यको शीर्षक विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रबिन्दु मानेर नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको पाइन्छ । उक्त अध्ययन अनुसन्धानका लागि स्याङ्जा जिल्ला भित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूबाट १०/१० जनाको संख्यामा जम्मा १० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको देखिन्छ । उक्त शोधकार्य मूलतः क्षेत्रीय अध्ययन विधि र अंशतः पुस्तकालय विधिमा आधारित छ । उक्त शोधपत्रमा तुलनात्मक रूपमा मातृभाषी विद्यार्थीकोभन्दा दोस्रो भाषी विद्यार्थीको चिठी लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

विद्यालयको प्रवृतिको आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको र लैङ्गिक आधारमा छात्राको तुलनामा छात्रहरूको चिठी लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस शोधपत्रले अध्येतालाई सैद्धान्तिक र प्रयोगिक आधार दुवै प्रदान गर्नेछ । यस अध्ययनले शोधार्थीलाई दैनिकी लेखन गराउँदा अपनाइने विधि तथा प्रक्रियाहरूको अध्ययनका लागि पनि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

घिमिरे (२०७२) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइयो । उक्त शोधपत्रका उद्देश्यहरू कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, उक्त कक्षामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमता तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । उक्त शोधपत्रमा लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूलाई केन्द्रबिन्दु बनाएर नमुना सर्वेक्षण विधिबाट अध्ययनलाई अगाडि बढाइएको छ । शैक्षिक सत्र २०६९/७० मा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूलाई नमुनाको रूपमा लिएको छ । यसमा ५ वटा सामुदायिक र ५ वटा सरकारी विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । निष्कर्षमा समग्रताका दृष्टिकोणमा लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको देखियो । तुलनात्मक रूपमा सामुदायिकभन्दा संस्थागत उच्च रहेको, छात्राकोभन्दा छात्रको राम्रो रहेको र पहिलो माथि र दोस्रो भाषीको निबन्ध लेखन क्षमता उस्तै रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले अध्येतालाई सैद्धान्तिक आधार प्रदान गरेको छ ।

पन्त (२०७२) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा पाइने भिन्नता पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक

स्थिति पहिल्याउनु, मुख्य उद्देश्य राखेर कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा दश वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा गरिने व्याख्या विश्लेषण सीमित रहेको छ । सामग्रीको रूपमा कक्षा नौको किताबबाट र बाहिरबाट गरी दुईवटा शीर्षकलाई लिइ अनुच्छेद लेखन गराइएको छ । सामुदायिक र संस्थागत विद्यालयको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयको राम्रो देखियो । संस्थागत विद्यालयको ४४.६२ प्रतिशत र सामुदायिक विद्यालयको ४२.१२ प्रतिशत प्राप्त गरेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०७२) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोध अनुसन्धान गरिएको पाइन्छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र लैङ्गिक आधारमा छात्र छात्राहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्य रहेका देखिन्छन् । उक्त शोधकार्य बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरी सर्वेक्षण विधि अपनाई गरेको पाइन्छ । उक्त अध्ययनको लागि बझाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयबाट ४०/४० जना गरी जम्मा ८० सङ्ख्यामा प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको देखियो । प्रस्तुत शोधकार्य क्षेत्रीय सामग्री सङ्कलन विधि र तथ्याङ्क सङ्कलन विधिमा आधारित रहेको पाइन्छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीका अनुच्छेद लेखन क्षमता राम्रो देखियो । छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको र समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता सन्तोषजनक नै रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले शोधार्थीलाई दैनिकी लेखन गराउँदा अपनाइने विधि तथा प्रक्रियाहरूको अध्ययनका लागि आधार प्रदान गरेको छ ।

रिजाल (२०७२) द्वारा 'काठमाडौं जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार गरिएको छ । उक्त शोधपत्र कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीको निमन्त्रणा लेखन क्षमताको अध्ययन गर्नुका साथै निमन्त्रणा लेखन क्षमता पहिचान गर्नु उद्देश्यमा केन्द्रित रहेको देखिन्छ । उक्त शोध पत्रका लागि

सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा काठमाडौँ जिल्लाका विभिन्न ४ वटा उच्च मा.वि. का २०/२० जना विद्यार्थीहरू गरी जम्मा ८० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ भने द्वितीय स्रोतका रूपमा पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, पत्रपत्रिका र लेख रचनाहरू रहेका छन् । जम्मा पाँच अध्यायमा सङ्गठित प्रस्तुत शोधपत्रलाई क्रमशः शोध परिचय, सैद्धान्तिक अवधारणा अध्ययन विधि तथा प्रक्रिया व्याख्या विश्लेषण, निष्कर्ष तथा उपयोगितामा विभाजित रहेको छ । निष्कर्षमा समग्र विद्यार्थीको निमन्त्रणा लेखन क्षमता मध्यम रहेको नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सामान्य र नेपाली विमातृभाषी विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उस्तै-उस्तै रहेको पाइन्छ । यस शोधपत्रले उचित जनसङ्ख्या तथा नमुना छनोट गर्न शोध कार्यलाई अघि बढाउन सहयोग पुऱ्याएको छ ।

## २.२ पूर्वकार्य पुनरावलोकनको महत्व

अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय वा क्षेत्रमा के कति कार्यहरू भएका छन् तिनको खोज एवम् अध्ययन गर्ने कार्यलाई पूर्वकार्यको अध्ययन भनिन्छ । आफूले अध्ययन गर्न लागेको अनुसन्धानको विषयको लागि पूर्व अध्ययनको महत्त्वपूर्ण भूमिका हुन्छ । अध्येयताले आफूले गर्न लागेको शोध विषयसँग सम्बन्धित सबै कार्यलाई अध्ययन गर्न अनिवार्य हुन्छ । पूर्व अध्ययनले अनुसन्धानकर्तालाई मार्ग निर्देशन प्रदान गर्दछ । त्यसैले यो खोज कार्यका पूर्वयोजना एवम् निर्देशिका हो पनि भन्न सकिन्छ ।

पूर्व अध्ययनका अध्येता स्वयमका लागि पदप्रदर्शनको काम गरी अनुसन्धान गर्न सरल र सहज बनाउँदछ । शोधकार्यका लागि पूर्व अध्ययनहरू एक आधार स्तम्भको रूपमा रहेको हुन्छ । अध्ययन अनुसन्धानमा आइपर्ने समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न प्राक्कल्पना निर्माण गर्न पुनरावृत्ति हुनबाट बचाइ अनुसन्धानलाई अपेक्षित गन्तव्यमा पुऱ्याउन पूर्वकार्यको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसै गरी अनुसन्धानका क्रममा हुन सक्ने त्रुटिहरू कम गर्न विभिन्न विधि तथा प्रविधि अपनाएर समस्याको समाधानको वास्तविक बाटो पत्ता लगाउन समस्याको औचित्य स्थापित गर्न आधार खोज्न शोध तथा अनुसन्धानको आवश्यकता स्पष्ट पार्न पनि यसबाट जानकारी

हासिल गर्न सकिन्छ । त्यसैले पूर्वकार्यको अध्ययनले अध्येतालाई र शोधपत्रका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ वा महत्त्वपूर्ण सामग्रीको काम गरेको पाइन्छ ।

## २.३ दैनिकीको परिचय

मानव विकासको प्रारम्भ सँगसँगै भाषाको विकास कथ्य रूपमा भएको पाइन्छ तरमानव सभ्यताको विकासलाई इतिहासको गतिसँगै भावी पिँढीका निम्ति सुरक्षित राख्ने काम लेख्य भाषाले गर्ने हुँदा यसको तुलनामा कथ्य भाषामा कम देखिन्छ । त्यस्तो व्यवस्थित भाषाको विकास भने कथ्य भाषापछि मात्र हुन्छ । यसरी मानव विकास सँगसँगै विभिन्न प्रविधिको विकासको क्रममा कथ्य भाषा नै लिपिबद्ध हुन थालेको हो ।

यस्तो किसिमको भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि गद्य र पद्य गरी दुई भेद देखिन थालेको पाइन्छ (पौड्याल, २०७० : १९) । भाषाका प्रमुख भेदमध्ये दैनिकी रूपक विधाभित्रको गद्य लेख्य उपविधा हो । दैनिकी जीवनका विशेष घटना, अनुभव र कार्यहरूको विशेष किसिमको टिपोटलाई नै भन्ने गरिन्छ । त्यसैले दैतन्दिनी अथवा अङ्ग्रेजी भाषामा डेली डायरी पनि भन्ने गरिन्छ । यो नितान्त वैयक्तिक किसिमको रचना हो । सुरुमा यो अभ्यासिक किसिमको भए तापनि अन्ततः आफ्नै ढङ्ग र ढाँचाको स्वतन्त्र रचनाका रूपमा नै यसको पहिचान रहेको छ । त्यसैले दिनभरीको दिन चर्चा सकिसकेपछि राती सुत्नु भन्दा अगाडि, हरेक दिन आफूले गरेका, थाहा पाएका र कल्पना गरेका कुराहरूको स्मरण गरी एक दुईवटा अनुच्छेदमा चिर सम्झनाका लागि गरिने टिपोटका रूपमा यसको पहिचान हुने भएकाले यसलाई वैयक्तिक रचना भनिएको हो ।

दैनिकीमा प्रयोग गरिने कुराहरू भविष्यका लागि स्मरण योग्य हुन्छन् । दैनिकीमा व्यक्तिका जीवनका महत्त्वपूर्ण घटनाहरूको अभिलेखबाट उसको जीवनीसम्बन्धी अध्ययनका लागि सहयोग हुन्छ । कुनै पनि व्यक्तिले जीवनमा प्राप्त गरेका अनुभव उसको जीवन भोगाइ, जीवनमा आएका उतारचढाव र जीवनका आरोह अवरोहलाई थाहा पाउनका लागि दैनिकी निकै महत्त्वपूर्ण रहेको छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकाले यसका माध्यमबाट एकातिर विद्यार्थीको लेखन क्षमताको विकास हुन्छ भने अर्कातिर दैनिकी अध्ययनबाट सम्बन्धित व्यक्तिको जीवनलाई बुझ्न सहयोग पुग्दछ । दैनिकीमा मौलिक स्वतन्त्र एवम् सिर्जनात्मक लेखन कलाको पूर्वाधार तयार गर्नु र सोहीअनुसारको सिपको

विकास गर्ने काम हुन्छ । दैनिकीमा भाषिक पक्षको परिष्कार र प्रवर्द्धन गर्ने तथा स्मरण क्षमताको विकास र सौन्दर्य कक्षाको प्रवर्द्धन गर्नु पनि यसको लक्ष्य रहेको छ (अधिकारी, २०६९ : २११) । दैनिकी लेखनले विशेष घटनालाई विशेष ढङ्गले अभिव्यक्त गर्ने कला विकास गराउँछ । यसले विशृङखलित विचारलाई शृङ्खलित रूपमा अझै कलामा पनि दैनिकीले पारङ्गत बनाउन सहयोग पुऱ्याएको छ । दैनिकी लेख्दा सिरानमा मिति (साल, महिना, गते, बार) लेखिन्छ । यसको वर्णन मूलतः आत्मपरक हुन्छ । यसमा व्यक्तिका आन्तरिक तथा बाह्य सुख, दुःख, अढोट पश्चाताप, नयाँ अनुभव वा आत्म निर्णयहरूलाई शृङ्खलित रूपमा प्रस्तुत गर्दछ (अधिकारी, २०६९ : २१२) । दैनिकीलाई आत्मकथाको पूर्वरूप, निजी अभिलेख वा इतिहास भन्ने गरिन्छ । दैनिकी लेख्दा प्रथम पुरुष दृष्टिबिन्दु वा आफै पात्र भएर लेखिन्छ भने दैनिकीको क्रियापद भूतकालीन हुन्छ । त्यसैले छोटकरीमा दैनिकीको स्वरूपलाई निम्न बुँदाहरूमा प्रष्ट्याउन सकिन्छ :

- रूपक विधा भित्रको लेख्य गद्य उपविधा,
- यो दैनन्दिनी वा अङ्ग्रेजी भाषामा डेली डायरी पनि हो,
- विशृङ्खलित विचारहरूलाई शृङ्खलित रूपमा विधा,
- देखेका, सुनेका, भोगेका, अनुभव गरेका कुराहरूलाई अनुभूतिको चास्नीमा डुबाएर तिनलाई परिस्कृत भाषा शैलीमा व्यक्त गर्ने विधा,
- यसको वर्णन मूलत आत्मपरक किसिमको हुन्छ,
- यसलाई आत्मक कथाको पूर्व रूप, निजी अभिलेख वा इतिहास पनि भन्ने गरिन्छ,
- यो प्रथम पुरुष दृष्टिबिन्दुमा वा आफैं पात्र भएर लेखिने विधा,
- सुख, दुःख एवम् तीतामीठा अनुभव अनुभूतिलाई पोत्ने र आफ्नो वैयक्तिक इतिहासलाई जीवन्त राख्ने एउटा उपयोगी साथीका रूपमा प्रयोग गरिने विधा,

## २.४ दैनिकीको परिभाषा

दैनिकी भनेको के हो भन्ने सम्बन्धमा कुनै विद्वानहरूले एकीन गरेर परिभाषा दिएको नपाए तापनि समग्र किताबहरूमा दैनिकीको परिभाषालाई यसरी प्रस्तुत गरिएको छ :

शर्मा र पौडेल (२०६८ : २३२) का अनुसार दैनिकी भनेको सम्बन्धित दिनमा घटेका विशेष खाले घटनाको स्तरीय आलेख हो । यसलाई दैनान्दिन, डायरी वा जर्नल पनि भनिन्छ । त्यसै गरी अधिकारी, (२०६९ : १३५) का अनुसार कुनै पनि व्यक्तिको दिनभरीको घटनाहरूलाई

समेटेर तयार पारिएको रचनालाई नै दैनिकी भनिन्छ । त्यसै गरी लामिछाने (२०६९ : १२७) ले भनेका छन्, दैनिकीमा व्यक्तिले विहान उठेदेखि बेलुकासम्म गरेका सम्पूर्ण कुराहरूको वितरण प्रस्तुत गरिन्छ । पौडेल (२०७० : ६८) का अनुसार दैनिकी लेख्य विधासँगै सम्बन्धित भएकाले दैनिकी लेखनमा तिथि मिति तथा कुनै खास घटनासँग सम्बन्ध राख्ने विधा हो । दिन प्रतिदिनका घटना विवरणलाई छोटो रूपमा प्रस्तुत गर्नु दैनिकीको मूल उद्देश्य हो ।

पौडेल (२०७०: २३) का अनुसार दैनिकी गद्य लेख्य विधा हो । यो लिखित अभिव्यक्तिसँग सम्बन्धित हुनाले यसको मुख्य शैक्षणिक प्रयोजन पनि लेखाइ सिपको विकाससँग सम्बन्धित छ । त्यसै गरी पौडेल, (२०७० : २४) ले भनेका छन्, यो नितान्त वैयक्ति किसिमको रचना हो र सुरुमा आभ्यासिक किसिमको भए पनि अन्ततः आफ्नै ढङ्ग र ढाँचाको स्वतन्त्र रचनाका रूपमा यसले आफ्नो पहिचान बोकेको छ । दिनभरीको दिनचर्या सकिसकेपछि राती सुत्नुभन्दा अगाडि हरेक दिन आफूले गरेका, देखेका, भोगेका, अनुभव गरेका, थाहा पाएका, सुनेका र कल्पना गरेका कुराहरूको स्मरण गरी एक दुई वटा अनुच्छेदमा चिर सम्झनाका लागि गरिने टिपोटका रूपमा यसको भूमिका हुने हुनाले यसलाई वैयक्तिक रचना भनिएको हो ।

माथि उल्लिखित परिभाषाबाट के स्पष्ट हुन्छ भने कुनै पनि व्यक्तिले जीवनमा प्राप्त गरेका अनुभव, उसका जीवनका भोगाइ, जीवनमा आएका उतार चढाव र जीवनका अरोह-अवरोहलाई थाहा पाउनका लागि लागि दैनिकीको निकै ठुलो महत्त्व रहेको हुन्छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकाले यसका माध्यमबाट एकातिर विद्यार्थीको लेखन सिपको विकास हुन्छ भने अर्कोतिर दैनिकीको अध्ययनबाट सम्बन्धित व्यक्तिको जीवनीलाई बुझ्न सहयोग गर्दछ, र लेखाइ सिपको विकास गर्ने एउटा माध्यम पनि दैनिकी लेखन कार्य हो । जसको माध्यमबाट घटना विवरणको स्मरण सँगसँगै लेखन क्षमताको विकास गराउँछ । मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखन कलाको पूर्वाधार तयार गर्नु र सोही अनुसारको सिप विकास गर्नुमा दैनिकी विधाको मूल प्रयोजन देखिन्छ । यस्तै लिखित अभिव्यक्तिले विविध भाषिक पक्षको परिस्कार र प्रवर्द्धन गरी तथा स्मरण क्षमताको विकास र सौन्दर्य कलाको प्रवर्द्धन गर्नु पनि यस विधाको लक्ष्य रहेको छ ।

## २.५ दैनिकीका विशेषताहरू

दैनिकीका आधारभूत गुण वा चरित्रलाई यसका विशेषता भनिन्छ । त्यसैलाई आधार मानी दैनिकीका विशेषताहरू उल्लेख गर्न सकिन्छ । यो अहिले साहित्यको एउटा अङ्ग पनि भइसकेको छ । यसले बौद्धिक विकास र लेखन सिपलाई अभिवृद्धि गर्दछ । यसका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. निजात्मकता २. वैयक्तिकता ३. सरलता ४. क्रमबद्धता

### १. निजात्मकता

निजात्मकता र आत्मपरकता भनेको एउटै मानिन्छ । यसमा विषयवस्तु गौण रूपमा आएर लेखकको व्यक्तित्व बढी प्रस्तुत गरिएको हुन्छ (ओझा, २०७१ : १०) । त्यसैले यसमा लेखकको आत्म प्रकाशन राम्रोसँग भएको हुन्छ ।

### २. वैयक्तिकता

कुनै पनि विषयका बारेमा लेखकका आत्मगत भाव, कल्पना सोचाइ आदिलाई प्रथम पुरुष शैलीका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ (ओझा, २०७१ : ९) । त्यसैले यसमा लेखकले आफ्ना आत्मरागमा मुछेर, सुख,दुःख हाँसो आँसु, हर्ष विस्मात र भाव अभावहरू व्यक्त गर्नु नै वैयक्तिक हो ।

### ३. सरलता

सरलता पनि दैनिकीको विशेषता हो । यो सबैले बुझ्न सक्ने खालको हुन्छ । यसमा सरल भाषाशैलीको प्रयोग भएको हुन्छ ।

### ४. क्रमबद्धता

दैनिकीको अर्को विशेषता क्रमबद्धता पनि हो । यो एकपछि अर्को क्रमिक रूपमा सिलसिलामा लेखिने हुनाले क्रमबद्धता पनि यसको विशेषता हो ।

## २.६ दैनिकी लेखनको आवश्यकता र प्रयोजन

भाषा शिक्षणमा भाषाका चार वटै सिपको आवश्यकता हुन्छ । कुनै पनि कुरालाई स्थायी जीवित र दीर्घकालीन रूप दिन लेखाइ सिपको निकै नै महत्त्वपूर्ण भूमिका हुन्छ । मानिसको मनमा गुम्सिएका कुरा व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ सिप नै हो । लेखाइ सिपको विकास गर्न गरिने विभिन्न कार्यकलाप मध्य दैनिकी लेखन पनि एक हो । दैनिकी लेखन अभ्यासले बालबालिकामा स्मरण शक्ति बढाउनमा मद्दत गर्दछ भने अर्कोतर्फ स्वतन्त्र किसिमको शैली विकास गरेर मौलिक सिर्जनात्मक क्षमता विकास गर्न पनि उत्तिकै मद्दत गर्दछ भने अर्कोतर्फ स्वतन्त्र किसिमको शैली विकास गरेर मौलिक सिर्जनात्मक क्षमता विकास गर्न पनि उत्तिकै मद्दत गर्दछ । खास गरी विद्यार्थीहरूलाई जाँगडिलो बनाई नियमित रूपमा लेखन कलाको विकास गर्नु नै यसको मूल ध्येय रहेको छ (शर्मा र पौडेल, २०६७ : १८२) । त्यसैले दैनिकी लेखनले विद्यार्थीहरूमा एकातिर लेखन क्षमताको विकास गर्न सकिन्छ भने अर्कोतिर स्वतन्त्र मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्न सहयोग गर्दछ । दैनिकी लेखनले लेखेका कुरालाई व्याख्या, विश्लेषण विचार विमर्श र आफ्ना दृष्टिकोणहरूको क्रमिक प्रस्तुति गर्ने, उच्च स्मरण क्षमता, भाषिक शुद्धता, लेखन सौन्दर्य र आकर्षण प्रवर्द्धनमा मद्दत पुऱ्याई लेख्य सिपमा आत्मनिर्भर बन्न प्रेरित गर्नु यसको आवश्यकता हो ।

लेखाइ सिपको विकास गराउनको लागि दैनिकी लेखनलाई प्रयोगमा ल्याउन सकिन्छ । दैनिक जीवनमा घटेका घटना, विशेष अनुभव तथा जानकारीको टिपोटात्मक विवरण तयार पार्नु दैनिकी लेखन हो (अधिकारी, २०६९ : १३५) । यसको मुख्य प्रयोजन दैनिक रूपमा केही न केही लेख्ने बानीको विकास गरेर लेखन परिस्कारमा टेवा पुऱ्याउने, टिपोट गर्ने, व्याख्या गर्ने, विश्लेषण गर्ने, प्रतिक्रिया जनाउने आदि आदतको विकास गर्नु, मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखन कलाका पूर्वाधार तयार गर्नु र सोही अनुसारको सिप विकास गर्नु दैनिकी विधाको मूल प्रयोजन हो । यस्तै लिखित अभिव्यक्तिका विविध भाषिक पक्षको परिष्कार र प्रवर्द्धन गर्नु र स्मरण क्षमताको विकास र सौन्दर्यकलाको प्रवर्द्धन गर्नु पनि यसको प्रयोजन हो ।

दैनिकी लेखनका प्रयोजनलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. लेखन क्षमताको विकास गराउनु,

२. अन्य विधामा जस्तै भाषिक सिप र पक्ष परिष्कारमा मद्दत पुऱ्याउनु,

३. स्वतन्त्र, मौलिक र सिर्जनात्मक लेख्य क्षमताको विकास गर्नु,

४. हरेक दिन तिथिमिति सहित केहि न केही लेख्ने बानी बढाई आकर्षक शैली र अभिव्यक्ति सौन्दर्यको क्रमिक विकास गर्नु,

५. विद्यार्थीका दैनिक जीवनका घटना, सूचना तथा अनुभव र तिनहरूप्रतिका प्रतिक्रिया जनाउने टिपोट संस्कारको विकास गर्नु,

६. स्मरणका माध्यमले व्याख्या, विश्लेषण, विचार विमर्श र आफ्ना दृष्टिकोणको क्रमिक प्रस्तुति गर्ने लेख्य क्षमता बढाउनु ।

७. उच्च स्मरण क्षमता, भाषिक शुद्धता, शैली सौन्दर्य, लेखन सौन्दर्य र आकर्षण प्रवर्द्धनमा मद्दत पुऱ्याई लेख्य सिपमा आत्मनिर्भर बन्न प्रेरित गर्नु ।

## २.७ दैनिकी लेखन प्रक्रिया

दैनिकी लेखन लेखाइ सिप शिक्षणको महत्त्वपूर्ण कार्यकलाप हो । यस विधामा पनि अन्य विधामा जस्तै सामान्य प्रयोजनसम्बन्धी यावत, कार्यकलाप गराउन सकिन्छ (पौड्याल, २०७० : २४) । दैनिकी लेखनको नमुना वा सन्दर्भ सामग्रीको प्रर्याप्त उपयोग गरी स्वरूप ढङ्ग ढाँचाको परिचय दिनुपर्छ, विद्यार्थीहरूलाई दैनिकी लेखनसम्बन्धी स्तरयुक्त विषयवस्तु र शीर्षक दिई कक्षामा लेख्ने अभ्यास गराउनुपर्दछ । हरेक विद्यार्थीहरूलाई दैनिकी लेख्ने छुट्टै कापी वा डायरी बनाएर प्रत्येक दिन सुत्नुभन्दा अगाडि दिनभरीका देखेका, सुनेका, थाहा पाएका, पढेका आदि विविध विषयमा केही न केही लेख्न निर्देशन दिनुपर्दछ । विद्यार्थीले हरेक पहिलो घण्टी पढाइ हुनुभन्दा अगाडि रोलपालो बाँधेर सोहीअनुसार विद्यार्थीले लेखेर ल्याएको दैनिकी कम्तीमा एक जनालाई पढेर सुनाउन लगाउनुपर्दछ । समय समयमा विद्यार्थीका दैनिकी लेख्ने कापीहरू हेर्ने, आवश्यक टिप्पणी गर्ने र हौसला दिने आदि प्रक्रियाबाट दैनिकीको शिक्षण गर्न सकिन्छ । शिक्षण प्रक्रियाका आधारमा सामग्रीको उपयोग गरी आवश्यकताअनुसार शिक्षण गर्नुपर्दछ ।

छोटकरीमा दैनिकी लेखन प्रक्रियालाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छः

- दैनिकी लेख्ने विषयमाथि राम्रोसँग मनन् गराउने,
- प्रारम्भमा जुन दिनसँग सम्बन्ध दैनिकी हो (त्यस दिनको मिति लेख्ने),
- विषयअनुसार मानसिक रूपमा योजना तयार पार्ने,

- योजना तयार भइसकेपछि समयका आधारमा विहानदेखि बेलुकासम्म भए गरेका मुख्य कुराहरूलाई क्रमबद्ध ढङ्गले नछुटाइकन बुँदा टिपोट गर्ने,
- बुँदाका आधारमा खेस्रा लेखन गर्ने,
- खेस्रा लेखनलाई थपघट गरी परिमार्जन गरेर अन्तिम रूप दिने,
- दैनिकी लेखिसकेपछि शीर्षक दिने,

## २.८ दैनिकी लेखन कार्यकलाप

कक्षा कोठामा शिक्षकले शिक्षण गर्ने क्रममा अपनाइने ढङ्ग वा ढाँचा, तरिका, शैली आदिलाई कार्यकलाप भनिन्छ । पाठ्यक्रममा निर्धारण गरिएको उद्देश्य हासिल गर्न शिक्षण सिकाइका क्रममा पाठ्यवस्तु र विद्यार्थीको स्तर सुहाउँदो नभई नहुने तत्त्व कार्यकलाप हो । दैनिकी लेखन क्षमताका पनि आफ्नै कार्यकलाप रहेका छन् । ती यसप्रकार छन् :

### १. बोधप्रश्नोत्तर

कुनै खास दैनिकीमा उल्लेख भएका विचारहरूलाई ग्रहण गरी स्तरयुक्त अभिव्यक्ति दिन सक्ने क्षमताको विकासका लागि बोधप्रश्नहरूबाट उपलब्धि हासिल गर्न सकिन्छ । सम्बन्धित दैनिकीलाई राम्ररी पढी त्यसको बोध भए नभएको कुरा बुझ्न विभिन्न प्रश्नहरूका माध्यमबाट सहयोग पुग्ने भएकाले समय र परिस्थिति अनुकूल बनाएर बोधप्रश्नोत्तरका विषयको सार ग्रहण गर्न सहयोग पुग्दछ ।

### २. दैनिकी लेखन

दैनिकीको मुख्य कार्यकलाप नै दैनिकी लेखन नै हो । कुनै खास तिथिमितिमा केन्द्रित भएर आफूले भोगेका, देखेका, कुरालाई स्तरीय ढङ्गले लेख्य अभिव्यक्ति दिन दैनिकी लेखाउनुपर्दछ । कुनै चाडपर्व, सांस्कृतिक सन्दर्भ, सभा समारोह तथा भ्रमणलाई मूल विषय बनाएर दैनिकी लेख्न लगाइ उनीहरूको स्तरीयताको निर्वाह भए नभएको हेरी लेखन क्षमताको विकास गराउनुपर्दछ ।

## २.९ लेखाइ सिप शिक्षणको आवश्यकता र महत्त्व

लेख्य सिपका विभिन्न कार्यकलापमा आधारित भई लेखनकला शिक्षण गरिन्छ । सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिललाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन, उपयुक्त लेख्य चिन्ह र लिपि प्रयोग गरी स्तरीय लेखन सिप प्राप्त गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्मनिर्भर बनेर बाँच्ने लेखन सामर्थ्य बढाउन लेखाइ सिपको शिक्षण गरिन्छ । अभ्यासात्मक अनुलेखन, साफी लेखन, प्रश्नोत्तर, सारांश, संक्षेपीकरण, विस्तृतीकरण, सिर्जना, समीक्षा, भूमिका, प्रतिवेदन, चिठी, दैनिकी, सम्पादकीय, साहित्य, विज्ञापन, टिप्पणी, निवेदन, सूचना, श्रुति, मनोवाद, संवाद आदि विविध लेखाइका कार्यकलाप गर्नको लागि लेखाइ सिपको आवश्यकता पर्दछ ।

भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । मनका अन्तरभावनालाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वनि सङ्केतलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । कतिपय अवस्थामा बोलेर विचार विनिमय गर्न सम्भव नहुने हुँदा लेखाइ सिपको आवश्यकता पर्दछ । लिखित भाषा स्थायी किसिमको हुन्छ । व्यक्तिले आफूले अनुभव गरेका र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न सम्झनामा राखी राख्न वा साँची राख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखन कलाको निकै महत्त्व छ । लेखाइ सिपको सामाजिक उपयोगिताका लागि लिएर दैनिक व्यवहारसम्म ठुलो महत्त्व छ । हरेक व्यक्तिले जीवनमा दिनानु दिन अनेकौं व्यवहार निर्वाह गर्नुपर्दछ, जस्तैः आफन्तहरूलाई खैखबर गर्नु, विभिन्न प्रयोजनका लेनदेन र सम्झनाका लागि प्रमाण वा अभिलेखहरू राख्नु, विविध घटनाको टिपोट गर्नु, आफूलाई परेका पिर मर्काको मुक्तिका लागि कानुनी र प्रशासनिक उपचार खोज्नु आदि । यस्ता कार्यका लागि चिठी, टिपोट, निवेदन आदिको आवश्यकता पर्दछ । जो लेखन कलाकै माध्यमबाट सम्भव हुन्छ । त्यसैले मानिसको जीवनमा लेखाइ सिपको निकै नै आवश्यकता र महत्त्व रहेको छ ।

## २.१० लेखाइ सिपको विकासमा दैनिकी लेखनको स्थान र भूमिका

भाषाका दुई स्वरूप हुन्छन् मौलिक र लिखित । मनका अन्तर भावनालाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ (शर्मा र पौड्याल, २०६० : १२२) । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूको एकदमै महत्त्वपूर्ण भूमिका हुन्छ । भाषाका चार सिपमा सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिको भाषिक सिप छन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सिप हुन् ।

कुनै पनि व्यक्तिको आफ्ना विचार एवम् भावनालाई व्यक्त गर्ने एउटा प्रमुख माध्यम लेखाइ हो । लेखाइका माध्यमबाट विचार व्यक्त गर्दा त्यसलाई कुनै निश्चित तत्त्वले छेक्न सक्दैन । यसको क्षेत्र विस्तृत हुने गर्दछ । शब्दभण्डारको छनोट गर्न र स्तरीय वाक्य रचना गर्ने क्षमताको विकास गर्न लेखनकलाले ठुलो सहयोग गर्दछ (लामिछाने, २०६९ : १०४) । व्यक्तिको लेखनलाई विकसित गर्दै लैजान लेखन अभ्यासले ठुलो भूमिका खेलेको हुन्छ । त्यसकारण तल्ला तहदेखि नै हस्तलेखन, अनुलेखन, घटना लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रश्नोत्तर, श्रुतिलेखन, निवेदन लेखन र दैनिकी लेखन जस्ता विभिन्न लेखन कलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखनकला क्षमताको विकास गराउँदै लैजान सकिन्छ । क्रमशः माथिल्लो तहमा जाँदा दैनिकी लेखन, बुँदा टिपोट, भावविस्तार, सङ्क्षेपीकरण अनुच्छेद लेखन, प्रबन्ध लेखन, प्रतिवेदन लेखन, निबन्ध लेखन जस्ता क्रियाकलाप गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ ।

लेखाइ सिपको विकास गर्ने विभिन्न क्रियाकलाप मध्ये दैनिकी लेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो । यसमा स्वतन्त्र एवम् सिर्जनात्मक र मौलिक नितान्त वैयक्तिक निर्देशित तहमा उनीहरूका अनुभवसँग सम्बन्धित शीर्षक दिएर दैनिकी लेखन गराउनु पर्ने हुन्छ । दैनिकी लेखन व्यक्ति जति सक्षम हुँदै जान्छ उसमा त्यति नै प्रौढता आउँछ । यी विभिन्न कारणहरूबाट के कुरा प्रष्ट हुन्छ भने लेखाइ सिपमा दक्ष बनाउन दैनिकी लेखन एक उत्कृष्ट कार्यकलाप हो । दैनिकी लेखनमा तिथिमिति, विषयवस्तुको क्रमबद्धता, सरलता, विषयवस्तु, वैयक्तिकता निजात्मकता र भाषिक शुद्धता, स्वतन्त्रता र सिर्जनात्मकता जस्ता सम्पूर्ण कुराहरू समावेश गर्नुपर्दछ । त्यसैले विद्यार्थीमा लेखाइसम्बन्धी धारणात्मक प्रयोगात्मक, संज्ञानात्मक सिप विकास गराउन दैनिकी लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सिपको विकासमा दैनिकी लेखन क्षमताको स्थान र भूमिका महत्त्वपूर्ण रहेको छ ।

## २.११ माध्यमिक तहमा दैनिकी लेखनका प्रयोजन

दैनिकी नितान्त वैयक्तिक लेख्य विधा हो । टिपोट गर्ने, व्याख्या गर्ने, विश्लेषण गर्ने, प्रक्रिया जनाउने आदि लेख्य आदतको विकास गर्नु, मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखनकलाको पूर्वाधार तयार गर्नु सोहीअनुसारको सिप विकास गर्नु, लिखित अभिव्यक्तिका भाषिक पक्षको परिष्कार गर्नु, र प्रवर्द्धन गर्नु तथा स्मरण क्षमताको विकास र सौन्दर्यकलाको प्रबर्द्धन गर्नु यस विधाको उद्देश्य रहेको छ (अधिकारी, २०६९ : २३२) । दैनिकी शिक्षणले अरू विधामा जस्तै विविध भाषिक सिप र पक्ष परिष्कारमा मद्दत पुऱ्याउँछ । यस्तो लेखनले एकातिर विद्यार्थीको स्मरण शक्ति बढाउनमा मद्दत पुऱ्याउँछ भने अर्कोतिर स्वतन्त्र किसिमको शैली विकास गरेर मौलिक, सिर्जनात्मक क्षमताको विकासमा पनि उत्तिकै मद्दत गर्छ । खासगरी विद्यार्थीहरूलाई जाँगरिलो र नियमित बनाई लेखनकलाको विकास गराउनु यसको मूल प्रयोजन हो ।

# अध्याय तिन

# अध्ययनविधि र प्रक्रिया

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी र उपलब्धीमूलक बनाउनका लागि निश्चित विधि, तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धान वस्तुपरक, औपचारिक र व्यवस्थित कार्य हो । यो धेरै जटिल हुन्छ । अनुसन्धान कार्य कसरी थालनी भयो, सुरुदेखि अन्त्यसम्म के कस्ता प्रक्रिया अवलम्बन गरियो, ती सबै कुराहरू विधिको रूपमा समावेश गरिएको छ । यस अनुसन्धानका लागि निम्न विधि र प्रक्रियाको अध्ययन गरिएको छ :

## ३.१ जनसङ्ख्याको पहिचान

कुनै निश्चित ठाउँको सम्पूर्ण वस्तु वा मानिसहरूको समूहलाई नै जनसङ्ख्या बुझ्नुपर्दछ । यस अध्ययनका लागि शैक्षिक सत्र २०७२/०७३ मा कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ तर अध्ययनको प्रयोजन लगानी र समय इत्यादि कारणले गर्दा सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने र आवश्यक नहुने भएकाले अध्ययनको सीमाङ्कनका लागि काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिका भित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

धेरै ठाउँबाट छनोट गरिएका जसले त्यस ठाउँको प्रतिनिधित्व गर्दछ, त्यसलाई प्रतिनिधि नमुना भनिन्छ । यस अध्ययनमा प्रतिनिधि नमुनाले सम्पूर्ण जनसङ्ख्याको पूर्ण रूपमा प्रतिनिधित्व गरोस र जनसङ्ख्याका गुण वा विशेषताहरू जो त्यस्ता नमुनामा समाहित होउन् भन्ने अध्येताको ठहर रहेको छ । यस अध्ययनको उद्देश्यअनुसार सामुदायिक र संस्थागत, लैङ्गिक आधारमा छात्र र छात्रा आदि पक्षलाई अवलम्बन गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

अनुसन्धानमा सङ्कलित तथ्याङ्क, तथ्यलाई तथ्याङ्क भनिन्छ । प्रस्तुत शोध समस्याको समाधान गरेर अनुसन्धान गर्न खोजिएको विषयको निष्कर्षमा पुग्नको लागि

तथ्याङ्क सङ्कलनको आवश्यकता पर्दछ । शोध अध्ययन कार्यमा आवश्यकताअनुसार प्राथमिक स्रोत र द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोध शीर्षक काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन भएकाले यस जिल्ला भित्रको कीर्तिपुर नगरपालिका भित्रका ५ सामुदायिक र ५ संस्थागत गरी जम्मा १० विद्यालयका १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् र सम्बन्धित अध्ययन स्थलमा गएर विद्यार्थीहरूलाई दैनिकी लेख्न लगाई लेखेको सामग्रीलाई प्राथमिक स्रोतको रूपमा सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि द्वितीयक सामग्रीको रूपमा पुस्तकालयीय विधिको अवलम्बन गरिएको छ । द्वितीयक स्रोतका रूपमा विभन्नि खालका पत्रपत्रिका, शोधपत्र, पुस्तकहरू आदिको प्रयोग गरिएको छ । अध्ययनलाई प्रभावकारी र परिमाणमुखी बनाउनको लागि सम्बन्धित शोधनिर्देशकको सल्लाह सुझाव र मार्गनिर्देशनलाई समेत अपनाइएको छ ।

## ३.४ सामग्री निर्माण

अनुसन्धानको प्रकृतिअनुसार सामग्री निर्माण गर्नुपर्दछ । दैनिकी लेखनका लागि शीर्षकलाई सामग्री निर्माणका रूपमा लिइएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

माध्यमिक तहका ‘कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन’ शोध शीर्षकले लेखाइ सिप विकास गर्ने भएकाले यो बढी लेखनकलासँग सम्बन्धित रहेको पाइन्छ । यस अध्ययनको तथ्याङ्क सङ्कलनका क्रममा दैनिकी लेखिएको उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएको छ । प्राप्ताङ्कलाई समग्र दैनिकी लेखन ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका छात्र, छात्राको तुलना, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलना र समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताको आधारमा उक्त समूहहरूलाई तालिकाबद्ध गरिएको छ । तथ्य विश्लेषण गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरूको

मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा दैनिकी लेखन क्षमताको पहिचान गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निम्नानुसार सूत्रको प्रयोग गरिएको छ :

**१. मध्यमान (Mean)**

मध्यमान (X) = $\frac{\phi fm}{N}$

यहाँ $\overline{X}$ = मध्यमान

f = आवृत्ति

m = प्राप्ताङ्क वर्गान्तरको मध्यबिन्दु

| $\phi fm$ = आवृत्ति र प्राप्ताङ्क वर्गान्तरको मध्यबिन्दुको गुणनफलको योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

**२. मानक विचलन (Standard deviation)**

$$|\exists|X\sqrt{\frac{\phi fd^2}{N}}$$

यहाँ, $\phi|X$ योगफल

f = आवृत्ति

d = m – $\overline{X}$

तथ्याङ्क विश्लेषणका क्रममा विद्यार्थीहरूको प्रयोग क्षमताको आधारमा विभिन्न स्थानमा पर्ने विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाइ प्रतिशताङ्क श्रेणी निर्धारण गरी दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ ।

## ३.६ दैनिकी लेखनका मूल्याङ्कनका आधारहरू

दैनिकी लेखन परिक्षणीय आधारहरू भन्नाले दैनिकी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू हुन् । यसमा नभइ नहुने कुराहरू विषयवस्तु क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताजस्ता कुराहरू पर्दछन् । प्रस्तुत शोधपत्रमा यिनै कुरालाई आधार मानी दैनिकी लेखनलाई जम्मा १० अङ्क छुट्याएको छ । यिनै कुराहरूलाई आधार मानी पूर्णाङ्क निर्धारण गरिएको छ । उल्लेखित कुराहरूको अङ्कन प्रक्रिया निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| (क) | विषयवस्तु | २.५ |
| (ख) | क्रमबद्धता | २.५ |
| (ग) | वाक्यगठन र शब्दचयन | ३.५ |
| (घ) | मौलिकता | १.५ |

# अध्याय चार

# समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता

## ४.१ समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति

यस अध्ययनमा काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिका भित्रका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पत्ता लगाउने उद्देश्य राखिएको छ । काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका भित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ । १०० जना विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएको सामग्रीलाई विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिएको छ । यसरी व्याख्या विश्लेषण गर्दा विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन मौलिकता जस्ता तत्त्वलाई आधार मानेर विश्लेषण गरिएको छ । विश्लेषणका सिलसिलामा विद्यालयको प्रकृति, लैङ्गिकता र समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गरिएको छ ।

'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन' शीर्षकमा उक्त जिल्लाका जम्मा दसवटा विद्यालयलाई छनोट गरिएको छ । यसरी दसवटा विद्यालयका जम्मा १०० जना विद्यार्थीको नमुना छनोट गरी अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा काठमाडौँ जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता निम्नानुसार रहेको छ ।

**तालिका नं. ४.१**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**


| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशत सम्म अङ्क ल्याउने | | ४०-५० प्रतिशत सम्म अङ्क ल्याउने | | ५०-६० प्रतिशत सम्म अङ्क ल्याउने | | ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६४ | ६४ | २१ | २१ | ९ | ९ | ६ | ६ |

माथिको तालिकामा अध्ययनको छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार पहिलो श्रेणी वा ४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६४ अर्थात् ६४ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी दोस्रो श्रेणीमा विद्यार्थी सङ्ख्या २१ अर्थात् २१ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी तेस्रो श्रेणीमा विद्यार्थी सङ्ख्या ९ अर्थात् ९ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी ६० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या ६ अर्थात् ६ प्रतिशत रहेको छ ।

यसरी माथिको तालिकाले ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या ६ मात्र रहेको पाइन्छ । सबैभन्दा बढी ४० प्रतिशतसम्म अङ्क ल्याउने रहेका छन् । यसरी यो तथ्याङ्कलाई समग्र रूपमा हेर्दा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमाको स्थिति सन्तोषजनक नरहेको पाइयो । त्यसैले ४० प्रतिशतभन्दा कम ल्याउने सङ्ख्या ६४ रहेकोले लेखाइ शिक्षणमा जोड दिनुपर्ने देखिन्छ ।


**चित्र नं. ४.१**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**



**चित्र नं. ४.१**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**




माथिको चित्रअनुसार ४० प्रतिशतसम्म अङ्क ल्याउने ६४, ४०-५० प्रतिशतसम्म अङ्क ल्याउने २१, ५०-६० प्रतिशतसम्म अङ्क ल्याउने ९ र ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ६ प्रतिशत रहेको पाइयो ।

### ४.१.१ विषयवस्तुको आधारमा

विषयवस्तुको आधारमा काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१.१**

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६ | ६ | ९ | ९ | २१ | २१ | ६४ | ६४ |

माथिको तालिकाअनुसार जम्मा विद्यार्थीको सङ्ख्या १०० जना रहेको छ । उत्तम ६ जना प्रतिशतमा ६, मध्यम ९ जना अर्थात् ९ प्रतिशत, सामान्य २१ जना अर्थात् २१

प्रतिशत र निम्नमा ६४ जना अर्थात् ६४ प्रतिशत रहेको पाइन्छ । यसरी माथिको तालिकालाई हेर्दा विद्यार्थीहरूको विषयवस्तुको प्रयोग गराइ धेरै जसको राम्रो नरहेको पाइन्छ भने केहीले मात्र विषयवस्तु राम्रो राख्न सकेको देखियो ।


**चित्र नं. ४.१.१**

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




**चित्र नं. ४.१.१**

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने ६ प्रतिशत, मध्यम अङ्क ल्याउने ९ प्रतिशत, सामान्य अङ्क ल्याउने २१ प्रतिशत र निम्न अङ्क ल्याउने ६४ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.२ क्रमबद्धताका आधारमा

क्रमबद्धताका आधारमा काठमाडौँ जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ४.१.२**


**समग्र विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १५ | १५ | ३२ | ३२ | २५ | २५ | २८ | २८ |

उपर्युक्त तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्यामध्ये उत्तममा १५ जना अर्थात् १५ प्रतिशत, मध्यममा ३२ जना अर्थात् ३२ प्रतिशत, सामान्यमा २५ जना अर्थात् २५ प्रतिशत र निम्नमा २८ जना अर्थात् २८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा २८ जना विद्यार्थीले क्रमबद्धतामा ध्यान नदिएको पाइन्छ । माथिको तालिकालाई हेर्दा परिणाम सामान्य खालको रहेको छ ।


**चित्र नं. ४.१.२**

**समग्र विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




**चित्र नं. ४.१.२**

**समग्र विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने १५ प्रतिशत, मध्यम अङ्क ल्याउने ३२ प्रतिशत, सामान्य अङ्क ल्याउने २५ प्रतिशत र निम्न अङ्क ल्याउने २८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.३ वाक्यगठन र शब्दचयनका आधारमा

काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत दस वटा विद्यालयका १०० जना विद्यार्थीहरूको वाक्यगठन र शब्दचयनको आधारमा दैनिकी लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१.३**


**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १८ | १८ | ३५ | ३५ | २१ | २१ | २६ | २६ |

प्रस्तुत तालिकाअनुसार वाक्यगठन र शब्दचयनका आधारमा जम्मा १०० जना विद्यार्थीहरूमध्ये उत्तममा १८ जना अर्थात् १८ प्रतिशत, मध्यममा ३५ जना अर्थात् ३५ प्रतिशत, सामान्यमा २१ जना अर्थात् २१ प्रतिशत र निम्नमा २८ जना अर्थात् २८ प्रतिशत रहेको पाइन्छ । माथिको तालिकालाई हेर्दा वाक्यगठन र शब्दचयनको आधारमा विद्यार्थीको समग्र दैनिकी लेखन क्षमता सामान्य खालको नतिजा प्राप्त भएको छ ।


**चित्र नं. ४.१.३**

**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



**चित्र नं. ४.१.३**

**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने १८ प्रतिशत, मध्यम अङ्क ल्याउने ३५ प्रतिशत, सामान्य अङ्क ल्याउने २१ प्रतिशत र निम्न अङ्क ल्याउने २६ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.४ मौकिलताका आधारमा

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको मौलिकताका आधारमा दैनिकी लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१.४**


**समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ८ | ८ | २१ | २१ | ३३ | ३३ | ३८ | ३८ |

प्रस्तुत तालिकाअनुसार उत्तममा ८ जना अर्थात् ८ प्रतिशत, मध्यममा २१ जना अर्थात् २१ प्रीतशत, सामामान्यमा ३३ जना अर्थात् ३३ प्रतिशत र निम्नमा ३८ अर्थात् ३८ प्रतिशत रहेको पाइन्छ । प्रस्तुत तालिकालाई हेर्दा ३८ जना विद्यार्थीहरूले मौलिकताको प्रयोगमा खासै ख्याल नगरेको पाइन्छ । अरु विद्यार्थीले पनि खासै ध्यान नदिएको पाइयो ।


**चित्र नं. ४.१.४**

**समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




**चित्र नं. ४.१.४**

**समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने २१ प्रतिशत, सामान्य अङ्क ल्याउने ३३ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

# अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन

## ५.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति

विद्यालयका प्रकृतिका आधारमा सरकारी अर्थात् सामुदायिक र निजी अर्थात् संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीले लेखेको दैनिकीलाई पनि विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मामैलिकताका आधारमा अङ्क निर्धारण गरी परीक्षण गरिएको छ । यसअन्तर्गत सामुदायिकतर्फ श्री जनसेवा उच्च माध्यमिक विद्यालय, श्री बालकुमारी माध्यमिक विद्यालय, श्री कीर्तिपुर माध्यमिक विद्यालय, श्री आदिनाथ माध्यमिक विद्यालय, श्री वैशणवी माध्यमिक विद्यालयलाई लिएको छ । त्यसै गरी संस्थागत विद्यालयअन्तर्गत श्री कीर्ति सेकेन्डरी बोर्डिङ्ग स्कुल, श्री मेघस इङ्लिस विद्यालय, श्री पाँगा माध्यमिक विद्यालय, श्री बाघ भैरव माध्यमिक विद्यालय, क्रियटिभ एकेडेमीलाई लिएको छ ।

प्रस्तुत अध्ययनमा काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत १० वटा विद्यालयका १०० जना विद्यार्थीमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमतामा के कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ । यसमा $(\overline{X}) = \frac{\phi X}{N}$ सूत्रको प्रयोग गरेर औसताङ्क निकालिएको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थीको प्रकृतिलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\overline{X}) = \frac{\phi X}{N}$$

$$= \frac{१८३.५}{५०}$$

$$= ३.६७$$

यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रकृतिलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\overline{X}) = \frac{\phi X}{N}$$

$$= \frac{२१३.५}{५०}$$

$$= ४.२७$$

माथिको विश्लेषणलाई हेर्दा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क १८३.५ र संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क २१३.५ रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको औसताङ्क ३.६७ र संस्थागत विद्यालयका विद्यार्थीको औसताङ्क ४.२७ रहेको पाइन्छ । प्रस्तुत विद्यालयीय तथ्याङ्कलाई प्राप्ताङ्क र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ ।


**तालिका नं. ५.१**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको औसताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| सामुदायिक | ५० | १८३.५ | ३.६७ |
| संस्थागत | ५० | २१३.५ | ४.२७ |

**चित्र नं. ५.१**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको औसताङ्क**



उपर्युक्त तालिकाको आधारमा तुलनात्मक रूपमा संस्थगत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमता कमजोर रहेको देखिन्छ । यस अध्ययनमा १० वटा विद्यालयका जम्म १०० जना विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई जम्मा १० पूर्णाङ्क कायम गरिएको छ । सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको जम्मा योगफल १८३.५ रहेको छ । यसको आधारमा विद्यार्थीले ३.६७ प्रतिशत अङ्क ल्याएका छन् । त्यसै गरी संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको कुल योगफल २१३.५ रहेको छ । यसको आधारमा विद्यार्थीले ४.२७ प्रतिशत अङ्क ल्याएका छन् । यसरी यस तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी देखिएकाले यसको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता बढी रहेको पाइन्छ ।

यसरी दैनिकी लेखन क्षमताको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त परिणामलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । विषयवस्तु, क्रमबद्धता, वाक्यगठन र शब्दचयन, मौलिकता आदि पक्षहरूबाट प्राप्त नतिजालाई चारवटा श्रेणीमा विभाजन गरी एक आपसमा तुलना गरिएको छ ।

### ५.१.१ विषयवस्तुको आधारमा

कक्षा छनोटमा परेका काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका जम्मा १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता अध्ययन गर्ने क्रममा ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन तालिका तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१.१**


**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | २ | ४ | ४ | ८ | १० | २० | ३४ | ६८ |
| संस्थागत | ५० | ४ | ८ | ५ | १० | ११ | २२ | ३० | ६० |

उपर्युक्त तालिकामा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूमध्ये २ जना उत्तम, ४ जना मध्यम, १० जना सामान्य र ३४ जना निम्नमा आएका छन् । यिनीहरूको प्रतिशत ४, ८, २० र ६८ रहेको छ । यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये ४ जना उत्तम, ५ जना मध्यम, ११ जना सामान्य र ३० जना निम्नमा रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः ८, १०, २२, ६० रहेको छ । माथिको परिणामलाई हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमता केही बढी रहेको देखियो । सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता थोरै कमजोर देखिएको पाइन्छ ।

**चित्र नं. ५.१.१**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**



माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४ प्रतिशत, मध्यम अङ्क ल्याउने ८ प्रतिशत, सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क ल्याउने ६८ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने १० प्रतिशत, सामान्य अङ्क ल्याउने २२ प्रतिशत र निम्न अङ्क ल्याउने ६० प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ५.१.२ क्रमबद्धताका आधारमा

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको क्रमबद्धताका आधारमा गरिएको तुलना तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१.२**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | १८ | ३६ | ८ | १६ | ६ | १२ | १८ | ३६ |
| संस्थागत | ५० | २५ | ५० | १० | २० | ६ | १२ | ९ | १८ |

यसरी क्रमबद्धताको आधारमा दैनिकी लेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये १८ जना उत्तम, ८ जना मध्यम, ६ जना सामान्य र १८ जना निम्नमा देखिन्छन् । उनीहरूको क्रमशः ३६, १६, १२, ३६ प्रतिशत रहेको छ । संस्थागत विद्यालयको जम्मा ५० जना विद्यार्थीमध्ये उत्तम २५ अर्थात् ५० प्रतिशत, मध्यम १० जना अर्थात् २० प्रतिशत, सामान्य ६ जना अर्थात् १२ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् ।

यसरी उक्त नतिजालाई त्यति राम्रो मात्र नसकिए तापनि सन्तोषजनक नै रहेको छ भन्न सकिन्छ ।

**चित्र नं. ५.१.२**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ३६ प्रतिशत, मध्यम अङ्क ल्याउने १६ प्रतिशत, सामान्य अङ्क ल्याउने १२ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ५० प्रतिशत, मध्यम अङ्क ल्याउने २० प्रतिशत, सामान्य अङ्क ल्याउने १२ प्रतिशत र निम्न अङ्क ल्याउने १८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ५.१.३ शब्दचयन र वाक्यगठनका आधारमा

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दचयन र वाक्यगठनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.१.३


## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ८ | १६ | १७ | ३४ | ११ | २२ | १४ | २८ |
| संस्थागत | ५० | १० | २० | १८ | ३६ | १० | २० | १२ | २४ |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये ८ जना उत्तम अर्थात् १६ प्रतिशत, १७ जना मध्यम अर्थात् ३४ प्रतिशत, ११ जना सामान्य अर्थात् २२ प्रतिशत र निम्नमा १४ जना अर्थात् २८ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये १० जना उत्तम प्रतिशतमा २०, १८ जना मध्यम प्रतिशतमा ३६, १० जना सामान्य प्रतिशतमा २० र निम्न १२ जना अर्थात् २४ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीका शब्दचयन र वाक्यगठन प्रयोग गराई बढी देखिन्छ ।

## चित्र नं. ५.१.३

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १६ प्रतिशत, मध्यम अङ्क ल्याउने ३४ प्रतिशत, सामान्य अङ्क ल्याउने २२ प्रतिशत र निम्न अङ्क ल्याउने २८ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क ल्याउने ३६ प्रतिशत, सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क ल्याउने २४ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ५.१.४ मौलिकताका आधारमा

मौलिकताका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१.४**


**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ६ | १२ | १४ | २८ | ११ | २२ | १९ | ३८ |
| संस्थागत | ५० | २ | ४ | ७ | १४ | २२ | ४४ | १९ | ३८ |

प्रस्तुत अध्ययनअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये उत्तममा ६ जना अर्थात् १२ प्रतिशत मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत, निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा ७ जना अर्थात् १४ प्रतिशत, सामान्यमा २२ जना अर्थात् ४४ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको देखिन्छ । दैनिकी लेखनमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको मौलिकताको प्रयोग सन्तोषजनक नरहेको पाइयो । यस अध्ययनमा मौलिकताको प्रयोग सन्तोषजनक नरहेको पाइयो ।

**चित्र नं. ५.१.४**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १२ प्रतिशत, मध्यम अङ्क ल्याउने २८ प्रतिशत, सामान्य अङ्क ल्याउने २२ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४ प्रतिशत, मध्यम अङ्क ल्याउने १४ प्रतिशत, सामान्य अङ्क ल्याउने ४४ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमता

## ६.१ छात्र र छात्राको दैनिकी लेखन क्षमताको स्थिति

यस अध्ययनमा काठमाडौँ जिल्लामा अध्ययनरत जम्म १०० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता प्रस्तुत गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको स्थितिको अन्तर के कस्तो रहेको छ भनेर पत्ता लगाउने कोसिस गरिएको छ । अध्ययनबाट देखिएका कुरालाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ६.१**


**छात्र र छात्राको दैनिकी लेखनमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | कुल प्राप्ताङ्क | औसताङ्क |
|---|---|---|---|
| छात्र | ५० | १९४ | ३.८८ |
| छात्रा | ५० | २०० | ४ |

माथिको तालिकालाई हेर्दा १० वटै विद्यालयका जम्मा ५० जना छात्रहरूको कुल प्राप्ताङ्क १९४ र १० वटै विद्यालयका ५० जना छात्राहरूको कुल प्राप्ताङ्क २०० रहेको पाइन्छ । यसरी हेर्दा छात्रको औसताङ्क ३.८८ र छात्राको औसताङ्क ४ रहेको पाइन्छ यसलाई निम्नानुसारको स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ :

**चित्र नं. ६.१**

**छात्र र छात्राको दैनिकी लेखनमा प्राप्त गरेको प्राप्ताङ्क**




यस अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमध्ये छात्रहरूको सङ्ख्या ५० र छात्राहरूको सङ्ख्या ५० रहेको छ जसमध्ये छात्रको कुल प्राप्ताङ्क १९४ रहेको छ र छात्राहरूको कुल प्राप्ताङ्क २०० रहेको छ । तुलनात्मक समूहको समग्र प्रतिशत ३.९४ रहेको छ र छात्रको औसताङ्क ३.८८ र छात्राको औसताङ्क ४ रहेको छ । यहाँ औसताङ्क ( $\overline{X}$ ) = $\frac{\phi X}{N}$ सूत्रको प्रयोग गरेर निकालिएको छ ।

दैनिकी लेखन क्षमताको विश्लेषण गर्दा अपनचाइएको तत्त्वहरू विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गरिएको छ ।

### ६.१.१ विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा विद्यार्थीहरूको लैङ्गिकताको तुलनात्मक अध्ययनलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

### तालिका नं. ६.१.१


### छात्र र छात्राको विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ८ | १६ | १३ | २६ | २१ | ४२ | ८ | १६ |
| छात्रा | ५० | १० | २० | १५ | ३० | १४ | २८ | ११ | २२ |

विषयवस्तुको आधारमा छात्र र छात्राबिच तुलना गर्दा दैनिकी लेखनमा खासै अन्तर नदेखिएको पाइयो । यस अध्ययनमा छात्रको सङ्ख्या ५० र छात्राको सङ्ख्या ५० रहेको छ । जम्मा ५० जना छात्रमध्ये उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १३ जना अर्थात् २६ प्रतिशत, सामान्यमा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेको छ । त्यसै गरी जम्मा ५० जना छात्रा मध्ये उत्तममा १० जना अर्थात् २० प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १४ जना अर्थात् २८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको छ । तुलनात्मक रूपमा छात्र र छात्राको विषयवस्तुको प्रयोग गराई सामान्य नै रहेको पाइन्छ ।

### चित्र नं. ६.१.१

### छात्र र छात्राको विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको चित्रअनुसार छात्र विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १६ प्रतिशत, मध्यम अङ्क ल्याउने २६ प्रतिशत, सामान्य अङ्क ल्याउने ४२ प्रतिशत र निम्न अङ्क ल्याउने १६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क ल्याउने ३० प्रतिशत, सामान्य अङ्क ल्याउने २८ प्रतिशत र निम्न अङ्क ल्याउने २२ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ६.१.२ क्रमबद्धताका आधारमा

लैङ्गिकताका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले क्रमबद्धताको के कस्तो स्थिति रहेको छ भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.१.२**


**छात्र र छात्राको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ५ | १० | १२ | २४ | १५ | ३० | १८ | ३६ |
| छात्रा | ५० | ६ | १२ | १५ | ३० | २० | ४० | ९ | १८ |

क्रमबद्धताका आधारमा छात्र र छात्राको दैनिकी लेखन क्षमताको तुलना गर्दा जम्मा ५० जना छात्र मध्ये उत्तममा ५ जना, मध्यममा १२ जना, सामान्यमा १५ जना र निम्नमा १८ जना रहेका छन् । यिनीहरको प्रतिशत क्रमशः १०, २४, ३०, ३६ रहेको छ । त्यसै गरी छात्रातर्फ जम्मा ५० जना मध्ये उत्तममा ६ जना, मध्यमा १५ जना, सामान्यमा २० जना र निम्नमा ९ जना रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः १२, ३०, ४०, १८ रहेको छ । यसरी क्रमबद्धताका आधारमा छात्र र छात्राबिच तुलना गर्दा छात्रको तुलनामा छात्राको बढी रहे पनि समग्रमा दैनिकी लेखनमा क्रमबद्धतालाई दुवै पक्षले ध्यान नदिएको पाइयो ।

**चित्र नं. ६.१.२**

**छात्र र छात्राको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार छात्र विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने २४ प्रतिशत, सामान्य अङ्क ल्याउने ३० प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १२ प्रतिशत, मध्यम अङ्क ल्याउने ३० प्रतिशत, सामान्य अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने १८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ६.१.३ वाक्यगठन र शब्दचयनका आधारमा

छात्र र छात्राबिच दैनिकी लेखनमा वाक्यगठन र शब्दचयनको प्रयोग क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.१.३**


**छात्र र छात्राको वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | १२ | २४ | ९ | १८ | २५ | २० | ४ | ८ |
| छात्रा | ५० | ८ | १६ | १५ | ३० | १८ | ३६ | ९ | १८ |

माथि उल्लेखित तालिकालाई हेर्दा ५० जना छात्रमध्ये १२ जना उत्तम अर्थात् २४ प्रतिशत, मध्यममा ९ जना अर्थात् १८ प्रतिशत, सामान्यमा २५ जना अर्थात् ५० प्रतिशत र निम्नमा ४ जना अर्थात् ८ प्रतिशत रहेका छन् । यसैगरी ५० जना छात्रामध्ये उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १८ जना अर्थात् ३६ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । यस आधारलाई तुलनात्मक रूपमा हेर्दा छात्राकोभन्दा छात्रको वाक्यगठन र शब्दचयन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र नं. ६.१.३**

**छात्र र छात्राको वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार छात्र विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने २४ प्रतिशत, मध्यम अङ्क ल्याउने १८ प्रतिशत, सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क ल्याउने ८ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १६ प्रतिशत, मध्यम अङ्क ल्याउने ३० प्रतिशत, सामान्य अङ्क ल्याउने ३६ प्रतिशत र निम्न अङ्क ल्याउने १८ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ६.१.४ मौलिकताका आधारमा

काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको दैनिकी लेखनमा मौलिकताका आधारमा छात्र र छात्राबिच गरिएको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ६.१.४


### छात्र र छात्राको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ४ | ८ | १० | २० | १३ | २६ | २३ | ४६ |
| छात्रा | ५० | ३ | ६ | ८ | १६ | २१ | ४२ | १८ | ३६ |

मौलिकताका आधारमा जम्मा ५० जना छात्रमध्ये उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा १० जना अर्थात् २० प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा २३ जना अर्थात् ४६ प्रतिशत रहेका छन् । त्यसै गरी जम्मा ५० जना छात्रामध्ये उत्तममा ३ जना अर्थात् ६ प्रतिशत, मध्यमा ८ जना अर्थात् १६ प्रतिशत, सामान्यमा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा १८ जना अर्थात् ३६ प्रतिशत रहेका छन् । काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई दैनिकी लेखन क्षमताको अध्ययन गर्ने क्रममा मौलिकतामा त्यति ध्यान नदिएको पाइयो ।

### चित्र नं. ६.१.४

### छात्र र छात्राको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार छात्र विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने २० प्रतिशत, सामान्य अङ्क ल्याउने २६ प्रतिशत र निम्न

अङ्क ल्याउने ४६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसै गरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ६ प्रतिशत, मध्यम अङ्क ल्याउने १६ प्रतिशत, सामान्य अङ्क ल्याउने ४२ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

## ६.२ समग्र विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन

माथि विभिन्न शीर्षकमा तुलना गरिएको सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्कलाई आधार मानी त्यसको मध्यक र मानक विचलन निकाली विद्यार्थीहरूको दैनिकी लेखन क्षमता स्तरको व्याख्या विश्लेषण गरिएको छ ।

समग्र विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन

| प्राप्ताङ्क (x) | मध्यबिन्दु (m) | बारम्बारता (f) | f.m. | $d = m \overline{x}$ | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| १-३ | २ | १८ | ३६ | -२.२६ | २.१०७६ | ३७.९३६८ |
| ३-५ | ४ | ५६ | २२४ | १.७४ | ३.०२७६ | १६९.५४५६ |
| ५-७ | ६ | २१ | १२६ | -०.२६ | ०.०६७६ | १.४१९६ |
| ७-९ | ८ | ५ | ४० | ३.७४ | १३.९८७६ | ६९.९३८ |
| | | जम्मा (N) = १०० | ($\phi$fm) = ४२६ | | | $\phi fd^2$ = २७८.८४ |

$$\text{मध्यमान } (x) = \frac{\phi fm}{N}$$

$$= \frac{४२६}{१००}$$

$$= ४.२६$$

मध्यमान ४.२६

$$\text{मानक विचलन } (\exists) = \sqrt{\frac{\phi fd^2}{N}}$$

$$= \frac{\sqrt{२७८.८४}}{१००}$$

$$= १.६६९$$

मानक विचलन (∃) = १.६६९

प्रस्तुत तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्या १०० रहेको छ भने जम्मा प्राप्ताङ्क ४२६ यसको मध्यमान ४.२६ रहेको छ । प्राप्ताङ्कमा २ जनाले उच्च अङक ८ र न्यूनतम अङ्क ५५ जना रहेता पनि अधिकांश विद्यार्थीको अङ्क ३-५ सम्मको बिचमा रहेको छ । त्यसैले २/३ जना विद्यार्थी बाहेक अन्यको दैनिकी लेखन क्षमता समान देखिन्छ ।

# अध्याय सात
# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

दैनिकी लेखन विद्यालयको माथिल्लो तहमा लेखाइ सिप विकास गराउने माध्यम हो । मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखनकलाको पूर्वाधार तयार गर्नु र सोहीअनुसारको सिप विकास गराउनु दैनिकी लेखनको मूल ध्येय हो । खासगरी विद्यार्थीहरूलाई जागरिलो र नियमित बनाइ लेखनकलाको विकास गर्नु यस दैनिकी लेखनको मूल प्रयोजन हो ।

यस अध्ययनमा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिका भित्रका १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थी नमुना छनोटमा परेका छन् । यसमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूलाई अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा एउटा शीर्षक दिएर दैनिकी लेख्न लगाइएको छ । विद्यालयमा मनाइने वार्षिक उत्सवमा आफूले खेलेको भूमिकाको उल्लेख गर्दै एक दिनको दैनिकी लेख्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय एकमा दैनिकी लेखनसम्बन्धी पृष्ठभूमि समावेश गरिएको छ । त्यसै गरी दसमा अध्ययनको समस्या, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता र शोधकार्यको परिसीमा र अध्ययनको रूपरेखाको बारेमा चर्चा गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन, सैद्धान्तिक प्रारूप चर्चा गरिएको छ । पूर्वकार्यको पुनरावलोकनअन्तर्गत दैनिकीसँग सम्बन्धित अध्ययन नभएकाले लेखाइ सिपसँग सम्बन्धित लेखन (सारांश, चिठी, वादविवाद, निवेदन, निमन्त्रणा, निबन्ध) जस्ता शोधपत्रलाई लिएको छ । यसमा दैनिकी लेखनका सैद्धान्तिक प्रारूपसँग सम्बन्धित शीर्षकहरू, परिचय परिभाषा, विशेषता, प्रयोजन, कार्यकलाप र भूमिका जस्ता शीर्षकको बारेमा यसै अध्यायमा चर्चा गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय तिनमा शोधविधि र अध्ययन प्रक्रिया रहेको छ । जसमा जनसङ्ख्या नमुना छनोट, सामग्री सङ्कलनका स्रोत,

सामग्री निर्माण, तथ्याङ्कको व्याख्या र विश्लेषण र दैनिकी लेखनका परिक्षणीय आधारहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय चारमा परिचय, कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन रहेको छ । यसभित्र समग्र विद्यार्थीहरूको विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा समग्र विद्यार्थीहरूको व्याख्या विश्लेषण र समग्रको मध्यमान र मानक विचलनलाई पनि व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय पाँचमा विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यसभित्र पनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा व्याख्या गरी तुलना गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यसभित्र छात्र/छात्राको दैनिकी लेखन क्षमता विषयवस्तु क्रमबद्धता, वाक्यगठन र शब्दचयन र मौलिकताका आधारमा व्याख्या विश्लेषण गरिएको छ र छात्र छात्राको दैनिकी लेखन क्षमताको तुलनामक स्थितिलाई समेटिएको छ ।

## ७.२ निष्कर्ष

माध्यमिक तहको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको यस शोधकार्यमा शोधार्थीले विभिन्न खोज र अनुसन्धानका क्रममा प्राप्त गरेको परिणामका आधारमा निष्कर्ष निकालिएको छ ।

काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको, विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा दैनिकी लेखन गराउँदा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू नै अगाडि देखिन्छन् तर पनि यी दुवै विद्यालयका विद्यार्थीहरूमा खासै भिन्नता देखिएन ।

लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको तुलना गर्दा छात्रकोभन्दा छात्राको औसताङ्क बढी रहेको पाइयो । विषयवस्तुका आधारमा छात्रहरूको नतिजा मध्यम खालको

रहेको छ भने छात्राहरूको सामान्य खालको देखियो । त्यसै गरी क्रमबद्धताका आधारमा छात्र र छात्राको परिणाम सामान्य खालको रहेको पाइयो । वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा पनि छात्र र छात्राको नतिजा सामान्य खालको रहेको देखियो ।

यसरी काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई दैनिकी लेखन कार्य गराउँदा विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकतालाई आधार बनाइएको छ । तिनीहरूलाई पनि उत्तम, मध्यम, सामान्य र निम्नमा राखेर तुलना गरिएको छ । विद्यालयको प्रकृतिका आधारमा तुलना गर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता अलि राम्रो देखियो । लैङ्गिकताका आधारमा तुलना गर्दा छात्रभन्दा छात्राको लेखन क्षमता बढी रहेको पाइयो । यसरी गरिएको अध्ययनका क्रममा प्राप्त भएको परिणामलाई बुँदागत रूपमा क्रमशः तल प्रस्तुत गरिएको छ ।

- दैनिकी लेखन क्षमताको समग्र स्थितिलाई हेर्दा १०० जना विद्यार्थीहरूमा ४० प्रतिशतसम्म ल्याउने ६४ जना अर्थात् ६४ प्रतिशत, ४० देखि ५० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या २१ जना अर्थात् २१ प्रतिशत, ५० देखि ६० प्रतिशत अङ्क ल्याउने ९ जना अर्थात् ९ प्रतिशत र ६० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या ६ जना अर्थात् ६ प्रतिशत रहेको छ ।
- विषयवस्तुको आधारमा जम्मा १०० जना विद्यार्थीमध्ये उत्तममा ६ जना अर्थात् ६ प्रतिशत, मध्यममा ९ जना अर्थात् ९ प्रतिशत, सामान्यमा २१ जना अर्थात् २१ प्रतिशत र निम्नमा ६४ जना अर्थात् ६४ प्रतिशत रहेको छ । यस तथ्याङ्कअनुसार विद्यार्थीको दैनिकी लेखन क्षमता कमजोर रहेको पाइन्छ ।
- क्रमबद्धताका आधारमा उत्तममा ४ जना अर्थात् ४ प्रतिशत, मध्यमा १८ जना अर्थात् १८ प्रतिशत, सामान्यमा १२ जना अर्थात् १२ प्रतिशत र निम्नमा २४ जना अर्थात् २४ प्रतिशत विद्यार्थी रहेक छन् । विद्यार्थीले दिएको शीर्षकअनुसार क्रमबद्धतामा ध्यान नदिएको पाइन्छ ।
- वाक्यगठन र शब्दचयनका दृष्टिले उत्तममा १८ अर्थात् १८ प्रतिशत, मध्यममा ३५ जना अर्थात् ३५ प्रतिशत, सामान्यमा २१ जना अर्थात् २१ प्रतिशत र निम्नमा २६ जना अर्थात् २६ प्रतिशत रहेका छन् । यसको आधारमा भन्ने हो भने दैनिकी लेखनमा वाक्यगठन र शब्दचयनको प्रयोग गराई मध्यम खालको रहेको देखिन्छ ।

- मौलिकताका दृष्टिले उत्तममा ८ जना अर्थात् ८ प्रतिशत, मध्यममा २१ जना अर्थात् २१ प्रतिशत, सामान्यमा ३३ जना अर्थात् ३३ प्रतिशत र निम्नमा ३८ जना अर्थात् ३८ प्रतिशत विद्यार्थी रहेका छन् । मौलिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमता सामान्य नै रहेको छ ।

- विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू विषयवस्तुमा उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा १० जना अर्थात् २० प्रतिशत र निम्नमा ३४ जना अर्थात् ६८ प्रतिशत रहेका छन् । यसै गरी संस्थागत विद्यालयका विद्यार्थीमध्ये उत्तममा ४ अर्थात् ८ प्रतिशत, मध्यममा ५ जना अर्थात् १० प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत, निम्नमा ३० जना अर्थात् ६० प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थी अलि अगाडि देखिए तापनि समग्रमा भने दुवै विद्यालयका विद्यार्थीहरूले विषयवस्तुमा ध्यान नदिएको पाइयो ।

- क्रमबद्धताको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तममा १८ जना अर्थात् ३६ प्रतिशत, मध्यममा १० जना अर्थात् २० प्रतिशत, सामान्यमा ६ जना अर्थात् १२ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । यसैगरी संस्थागत विद्यालयको उत्तममा २५ जना अर्थात् ५० प्रतिशत, मध्यममा १० जना अर्थात् २० प्रतिशत, सामान्यमा ६ जना अर्थात् १२ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । क्रमबद्धताका आधारमा दैनिकी लेखन क्षमता दुवै किसिमका विद्यालयका विद्यार्थीहरूमा त्यति धेरै फरक नदेखिएको पाइयो ।

- वाक्यगठन र शब्दचयनका आधारमा सामुदायिक विद्यालयका उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १७ जना अर्थात् ३४ प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत र निम्नमा १४ जना २८ प्रतिशत रहेका छन् । संस्थागत विद्यालयमा उत्तममा १० जना अर्थात् २० प्रतिशत, मध्यममा १८ जना अर्थात् ३६ प्रतिशत, सामान्यमा १० जना अर्थात् २० प्रतिशत र निम्नमा १२ जना अर्थात् २४ प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत

विद्यालयका विद्यार्थीहरूको वाक्यगठन र शब्दचयनको अवस्था बढी देखिए पनि समग्रमा हेर्दा दुवै विद्यालयको मध्यम नै रहेको मान्न सकिन्छ ।

- मौलिकताका आधारमा सामुदायिक विद्यालयका उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको पाइन्छ । संस्थागततर्फ उत्तममा ६ जना अर्थात् १२ प्रतिशत मध्यममा ७ जना अर्थात् १४ प्रतिशत, सामान्यमा २२ जना अर्थात् ४४ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । दैनिकी लेखनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मौलिकताको प्रयोग सन्तोषजनक रहेको पाइदैन । यस अध्ययनमा मौलिकताको स्थिति कमजोर रहेको देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रहरूमध्ये विषयवस्तुको उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १३ जना अर्थात् २६ प्रतिशत, सामान्यमा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् भने छात्राहरू मध्ये उत्तममा १० जना अर्थात् २० प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १४ जना अर्थात् २८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको देखिन्छ । तुलनात्मक रूपमा छात्र र छात्राबिचको शीर्षकअनुसार विषयवस्तुको प्रयोग गराई सामान्य रहेको पाइन्छ ।

- क्रमबद्धताका आधारमा छात्रहरूमध्ये उत्तममा ५ जना अर्थात् १० प्रतिशत, मध्यममा १२ जना अर्थात् २४ प्रतिशत, सामान्यमा १५ जना अर्थात् ३० प्रतिशत र निम्नमा १८ जना अर्थात् ३६ प्रतिशत छ भने छात्राहरूमध्ये उत्तममा ६ जना १२ प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । यसरी क्रमबद्धताका आधारमा छात्र र छात्राबिच तुलना गर्दा छात्रको तुलनामा छात्राको बढी रहे पनि समग्रमा दैनिकी लेखनको क्रमबद्धतामा दुवै पक्षले ध्यान नदिएको पाइयो ।

- वाक्यगठन र शब्दचयनका जम्मा ५० जना छात्रहरूमध्ये उत्तममा १२ जना अर्थात् २४ प्रतिशत, मध्यममा ९ जना अर्थात् १८ प्रतिशत, सामान्यमा २५ जना अर्थात् ५० प्रतिशत र निम्नमा ४ जना अर्थात् ८ प्रतिशत रहेका छन् भने छात्रातर्फ जम्मा

५० जना मध्ये उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १८ जना अर्थात् ३६ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको देखिन्छ ।

- मौलिकताका आधारमा छात्राहरू मध्ये उत्तममा ३ जना अर्थात् ६ प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्यमा २१ जना अर्थात् ४२ प्रतिशत, निम्नमा १८ जना अर्थात् ३६ प्रतिशत रहेका छन् । यसैगरी छात्रतर्फ उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा १० जना अर्थात् २० प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा २३ जना अर्थात् ४६ प्रतिशत रहेका छन् ।

## ७.३ उपयोगिता

माध्यमिक तहका विद्यार्थीहरूलाई सोही तहमा लेखाइ सिपसम्बन्धी गरिएका उद्देश्यहरू प्राप्त गर्न विद्यार्थीहरूमा सिर्जनात्मक एवम् मौलिक ढङ्गले प्रस्तुत गर्ने शैलीको विकास गर्न र विषयवस्तुको संयोजन गर्ने क्षमताको विकास गर्न, नवीन विषयलाई समय, परिस्थिति र सन्दर्भअनुसार प्रयोग गर्न र भविष्यका लागि स्मरण योग्य बनाउन दैनिकी लेखन उपयोगी मानिन्छ । प्रस्तुत अध्ययनका निम्नलिखित शैक्षणिक उपयोगिता रहेका छन् ।

### ७.३.१ नीतिगत तह

- दैनिकी लेखन सिप विकासको महत्त्वपूर्ण कार्य हो ।
- दैनिकी लेखनलाई उचित ढङ्गले अगाडि बढाउन मौलिक र सिर्जनात्मक ढङ्गले आफ्ना विचारहरू प्रस्तुत गर्न यसले सहयोग पुऱ्याउने छ ।
- दैनिकी लेखनको अभ्यासबाट व्यक्तिको सिर्जनात्मकता, मौलिकता जस्ता सिप कौशलको विकास गर्नमा पनि यो उपयोगी देखिन्छ ।
- विद्यार्थीले कुनै पनि विषयमा केन्द्रित भएर सोहीअनुसारको भाषा शैली प्रयोग गरेको छ या छैन र भाषिक शुद्धतामा कति ख्याल गरेको छ यी सबै कुराको लागि पनि दैनिकी लेखन उपयोगी छ ।
- पाठ्यपुस्तक लेखनमा लेखकलाई दैनिकी लेखनसम्बन्धी ढाँचा, संरचना जस्ता कुराहरूको मार्ग प्रस्तुत गर्न सकिने छ ।

- अतः नियम र परिधिभित्र रहेर कुनै पनि कार्य गर्दा वा सिकाउँदा निश्चित लक्ष्यमा पुग्न सकिन्छ ।

### ७.३.२ व्यावहारिक तह

- सैद्धान्तिक रूपमा सिकेको सिप र ज्ञानलाई व्यावहारिक रूप दिन सक्नु नै व्यावहारिक पक्ष हो ।
- दैनिकी लेखनले व्यक्तिको सिर्जनात्मक, मौलिक क्षमता दक्षता र सिप कौशल निर्माण गर्ने हुँदा यसको प्रयोग व्यावहारिक रूपमा गराउनु आवश्यक देखिन्छ ।
- प्रस्तुत अध्ययनबाट लेखन सिपका साथै भाषिक शुद्धताप्रति सचेत गराउँदै अभ्यासात्मक कार्यकलाप गराउन सहयोग मिल्नेछ ।
- प्रस्तुत अध्ययनले दैनिकी लेखनका ढाँचा तौर तरिकासम्बन्धी आवश्यक ज्ञानको बोध गराउने छ ।
- व्यावहारिक रूपमा सिकेका कुराहरू दीर्घकालीन हुने भएकाले सकेसम्म बढी भन्दा बढी विद्यार्थीहरूलाई सक्रिय बनाएर लेखनमा लगाउन मद्दत गर्नेछ ।
- दैनिकी लेखनमा हुने त्रुटिहरू कम गर्न यसबाट सहयोग मिल्नेछ ।
- माध्यमिक तहमा विद्यार्थीहरूको लेखाइ सिपको स्तरवृद्धिका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।

अधिकारी, भूपाल (२०७२), 'इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेशन प्रा.लि. ।

कार्की, अनुका (२०७१), 'सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

गौतम, देवी प्रसाद (२०५९), *नेपाली भाषा परिचय,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, पवित्रा (२०६७), 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०६९), *सामान्य भाषा विज्ञान,* (दोस्रो संस्करण), काठमाडौँ : पिनाकल पब्लिकेशन ।

घिमिरे, कल्पना (२०७२), 'लम्जुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

चन्द, विकास (२०७१), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, दुर्गादेवी (२०७२), 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पन्त, भवानी सिंह (२०७२), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाण्डेय, दीपक (२०६६), 'उच्च मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौड्याल, नेत्रप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पैरवी प्रकाशन ।

भण्डारी, मिलन (२०७१), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, विष्णु बहादुर (२०७२), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, डी.पी. र अन्य (२०७२), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* (तेस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

रिजाल, मन्दोदरी (२०७२), 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्यक शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइज्ेज ।

शर्मा, केदारप्रसाद र अन्य (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

श्रेष्ठ, शोभा (२०६८), 'धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, देव (२०७१), 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

## परिशिष्ट 'क'

## दैनिकी लेखनमा प्रयोग गरिएको शीर्षक र मूल्याङ्कनका आधारहरू

आफ्नो विद्यालयमा मनाइने वार्षिक उत्सवमा आफूले खेलेको भूमिकाको उल्लेख गर्दै एक दिनको दैनिकी लेख्नुहोस् ।

| क्र.सं. | शीर्षक | अङ्क |
|---|---|---|
| १. | विषयवस्तु | २.५ |
| २. | क्रमबद्धता | २.५ |
| ३. | वाक्यगठन र शब्दचयन | ३.५ |
| ४. | मौलिकता | १.५ |

**परिशिष्ट 'ख'**

**नमुना छनोटका लागि तय गरिएका विद्यालयहरू**

| क्र.सं. | विद्यालयको नाम | विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | |
| १ | पाँगा माध्यमिक विद्यालय पाँगा, कीर्तिपुर | संस्थागत | ५ | ५ | १० |
| २ | कीर्ति माध्यमिक विद्यालय कीर्तिपुर | संस्थागत | ५ | ५ | १० |
| ३ | मेघस इङलिस स्कुल कीर्तिपुर | संस्थागत | ५ | ५ | १० |
| ४ | बाघ भैरव बोर्डिङ हाईस्कुल कीर्तिपुर | संस्थागत | ५ | ५ | १० |
| ५ | क्रिएटिभ एकेडेमी कीर्तिपुर | संस्थागत | ५ | ५ | १० |
| ६ | जनसेवा उच्च माध्यमिक विद्यालय कीर्तिपुर | सामुदायिक | ५ | ५ | १० |
| ७ | बालकुमारी माध्यमिक विद्यालय कीर्तिपुर | सामुदायिक | ५ | ५ | १० |
| ८ | आदिनाथ माध्यमिक विद्यालय कीर्तिपुर | सामुदायिक | ५ | ५ | १० |
| ९ | कीर्तिपुर माध्यमिक विद्यालय कीर्तिपुर | सामुदायिक | ५ | ५ | १० |
| १० | वैष्णवी माध्यमिक विद्यालय कीर्तिपुर | सामुदायिक | ५ | ५ | १० |

## परिशिष्ट 'ग'

## दैनिकी लेखनका लागि छनोट गरिएका विद्यार्थीहरूको विवरण

| क्र.सं. | विद्यार्थीको नाम | लिङ्ग | प्राप्ताङ्ग | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | पूजा विश्वकर्मा | महिला | ८ | ८० | |
| २. | एन्जिला महर्जन | महिला | ७.५ | ७५ | |
| ३. | उजला महर्जन | महिला | ५ | ५० | |
| ४. | रेजिना महर्जन | महिला | ६.५ | ६५ | |
| ५. | समीक्षा खड्का | महिला | ६ | ६० | |
| ६. | सर्जन महर्जन | पुरुष | ३ | ३० | |
| ७. | विवेक गौतम | पुरुष | ४ | ४० | |
| ८. | पृतम तामाङ्ग | पुरुष | ३ | ३० | |
| ९. | रोहित रिजाल | पुरुष | २ | २० | |
| १०. | बबि तामाङ्ग | पुरुष | ४.५ | ४५ | |
| ११. | रिदा महर्जन | महिला | ४ | ४० | |
| १२. | निकिता नापित | महिला | ६ | ६० | |
| १३. | इशा महर्जन | महिला | ४.६ | ४६ | |
| १४. | मतिका नेपाल | महिला | ६ | ६० | |
| १५. | राखी महासेठ | महिला | ५.५ | ५५ | |
| १६. | एविन महर्जन | पुरुष | ६ | ६० | |
| १७. | सन्तोष कोइराला | पुरुष | ६ | ६० | |
| १८. | सुनिल कुमार पटेल | पुरुष | ७ | ७० | |
| १९. | रोजन महर्जन | पुरुष | ४ | ४० | |
| २०. | समितबहादुर सिंह | पुरुष | ६ | ६० | |
| २१. | सदिक्षा ज्ञवाली | महिला | ५ | ५० | |
| २२. | बित्री महर्जन | महिला | ४.५ | ४५ | |
| २३. | विनिता कटुवाल | महिला | ३.५ | ३५ | |
| २४. | कृशा महर्जन | महिला | ४.५ | ४५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५. | क्रिएशना प्रधान | महिला | ३ | ३० | |
| २६. | राज महर्जन | पुरुष | ४.५ | ४५ | |
| २७. | अमिभ महर्जन | पुरुष | ५ | ५० | |
| २८. | नेमोत महर्जन | पुरुष | १ | १० | |
| २९. | समिप श्रेष्ठ | पुरुष | ४ | ४० | |
| ३०. | प्रभास महर्जन | पुरुष | १ | १० | |
| ३१. | मनिला बुढाथोकी | महिला | ४ | ४० | |
| ३२. | आयुषा रिजाल | महिला | ३.५ | ३५ | |
| ३३. | ऋतु तामाङ्ग | महिला | ५ | ५० | |
| ३४. | हनु देउजा | महिला | ४ | ४० | |
| ३५. | आशा आछामी | महिला | ४ | ४० | |
| ३६. | सन्दिप कार्की | पुरुष | २ | २० | |
| ३७. | रोजन बोहरा | पुरुष | ४.५ | ४५ | |
| ३८. | सिजन के.सी. | पुरुष | ४ | ४० | |
| ३९. | प्रोमीस महर्जन | पुरुष | ४ | ४० | |
| ४०. | विजय तामाङ्ग | पुरुष | ४.५ | ४५ | |
| ४१. | हसना महर्जन | महिला | २ | २० | |
| ४२. | अपेक्षा पौडेल | महिला | ३.५ | ३५ | |
| ४३. | समिरा महर्जन | महिला | ४ | ४० | |
| ४४. | शिविता पन्त | महिला | ४ | ४० | |
| ४५. | आर्थी श्री न्यौपाने | महिला | ४ | ४० | |
| ४६. | वञ्जन कुँवर | पुरुष | ३ | ३० | |
| ४७. | एलिस ढकाल | पुरुष | ३ | ३० | |
| ४८. | करण सुनुवार | पुरुष | ४ | ४० | |
| ४९. | रोहित महर्जन | पुरुष | २ | २० | |
| ५०. | सन्देह थापा | पुरुष | २ | २० | |
| ५१. | प्रतिभा शाही ठकुरी | महिला | ४.५ | ४५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२. | अनिता तामाङ्ग | महिला | ४ | ४० | |
| ५३. | सरला थिङ | महिला | ३.५ | ३५ | |
| ५४. | सिर्जना तामाङ्ग | महिला | ४ | ४० | |
| ५५. | रक्सा सुब्बा | महिला | ४ | ४० | |
| ५६. | गणेश शाही | पुरुष | ४ | ४० | |
| ५७. | नरेन्द्र वि.क. | पुरुष | ४ | ४० | |
| ५८. | राजिव महर्जन | पुरुष | ३.५ | ३५ | |
| ५९. | आकाश खड्का | पुरुष | ४ | ४० | |
| ६०. | करण देउला | पुरुष | ३.५ | ३५ | |
| ६१. | रक्षा राई | महिला | ५ | ५० | |
| ६२. | रुवि तामाङ्ग | महिला | ४ | ४० | |
| ६३. | सरस्वती तामाङ्ग | महिला | ३ | ३० | |
| ६४. | मुना देउवा | महिला | ४ | ४० | |
| ६५. | पुष्पा कार्की | महिला | ४ | ४० | |
| ६६. | टिकराज ढुङ्गाना | पुरुष | ३ | ३० | |
| ६७. | राजु तामाङ्ग | पुरुष | ४ | ४० | |
| ६८. | सागर श्रेष्ठ | पुरुष | ३ | ३० | |
| ६९. | शेरबहादुर मगर | पुरुष | ३.५ | ३५ | |
| ७०. | प्रतिप खड्का | पुरुष | ३ | ३० | |
| ७१. | सुजिता गोडम्बा | महिला | ४ | ४० | |
| ७२. | दिपा महर्जन | महिला | १ | १० | |
| ७३. | प्रनिशा घलान | महिला | २ | २० | |
| ७४. | संगिता घले | महिला | ३ | ३० | |
| ७५. | मुना राई | महिला | ५ | ५० | |
| ७६. | विष्णु गुरुङ | पुरुष | २ | २० | |
| ७७. | नितेश चौधरी | पुरुष | ३ | ३० | |
| ७८. | विवेक महर्जन | पुरुष | २ | २० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९. | गौरव रेग्मी | पुरुष | ४ | ४० | |
| ८०. | मेन्दो पाल्मो तामाङ्ग | पुरुष | ६ | ६० | |
| ८१. | निर्मा कु. मगर | महिला | ३ | ३० | |
| ८२. | चन्द्रा कुँवर | महिला | ५ | ५० | |
| ८३. | शीला कुमाल | महिला | ८ | ८० | |
| ८४. | शोभा श्रेष्ठ | महिला | ५ | ५० | |
| ८५. | निकिता बसेल | महिला | ५ | ५० | |
| ८६. | अरुण प्रधान | पुरुष | २ | २० | |
| ८७. | नारायण बिसी | पुरुष | १ | १० | |
| ८८. | सन्जिप कार्की | पुरुष | १ | १० | |
| ८९. | भेषराज साउद | पुरुष | ४.५ | ४५ | |
| ९०. | विनोद बोहरा | पुरुष | १ | १० | |
| ९१. | प्रमिता राई | महिला | ५ | ५० | |
| ९२. | मनिता गोले | महिला | ४ | ४० | |
| ९३. | सम्झना वि.क. | महिला | ३ | ३० | |
| ९४. | सुनिता लामा | महिला | ५ | ५० | |
| ९५. | सर्मिला वाइवा | महिला | ४.५ | ४५ | |
| ९६. | प्रमित घिसिङ | पुरुष | ६ | ६० | |
| ९७. | खिमबहादुर वली | पुरुष | ६ | ६० | |
| ९८. | रजित समाल मगर | पुरुष | २ | २० | |
| ९९. | रूपेश राना मगर | पुरुष | २ | २० | |
| १००. | रितेश थापा | पुरुष | २ | २० | |

# व्यक्तिवृत्त



नाम : मंगला विष्ट

जन्म मिति : २०४८/०८/०७

जन्म स्थान : कालिकास्थान- ३, अछाम

पिता : लक्षीराम विष्ट

माता : बसुदेवी विष्ट

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

धर्म : हिन्दू

मातृभाषा : नेपाली

मुख्य विषय : नेपाली

फोन नं. : ९८४३६०९४०७

**शैक्षिक योग्यता**

| क.सं. | उत्तीर्ण तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री विद्या मन्दिर उ.मा.वि. अछाम | २०६३ |
| २ | प्रमाणपत्र तह | श्री विद्या मन्दिर उ.मा.वि. अछाम | २०६६ |
| ३ | स्नातक तह | श्री पञ्चदेवल क्याम्पस, अछाम | २०६९ |
| ४ | स्नातकोत्तर तह | विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर | |